**NAC -GSP** अन्तर्गत यात्रु, व्यागेज तथा कार्गो ह्याण्डलिङ तथा सो सेवा संग सम्बन्धित कार्यहरु प्रति सिफ्टका आधारमा आबश्यक जनशक्ति ( कामदार) हरु खटाई कार्य गर्ने सम्बन्धी

# राष्ट्रिय स्तरको बोलपत्र

शिलबन्दी बोलपत्र आह्वानको सुचना

नेपाल वायुसेवा निगम

यात्रुसेवा बिभाग,

त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल, गौचर

## बोलपत्र प्रस्ताब फाराम

२०७९ जेठ

# बिषय सूची

**बिषय**


१ बोलपत्र आह्वानको सूचना

२ बोलपत्रदातालाई निर्देशन

३ बोलपत्र तथ्याङ सम्बन्धी विवरण

४ नमूना फारामहरु

५ सम्झौताका सामान्य शर्तहरु

६ सम्झौताका विशेष शर्तहरु

७ प्राविधिक विवरण (Technical Specification)

८ श्रमिक आपूर्तिकर्ताको आवश्यकता सम्बन्धी तालिका

९ बोलपत्र दाखिला विवरण तथा श्रमिकको परिमाण सहितको मूल्य सुचि

१० जमानत फारामहरु

खण्ड १

**बोलपत्र आह्वानको सूचना**

नेपाल वायुसेवा निगम

यात्रुसेवा विभाग

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, गौचर

सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७९/०२/२४

१. श्रमिक आपूर्ति सम्बन्धी व्यवसाय गर्न कानुन अनुसार सम्बन्धित निकायमा दर्ता भएका आपूर्तिकर्ताहरु बाट २०७९ साल श्रावण १ गते देखी ३ वर्ष सम्मलाई नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अर्न्तगत पर्ने यात्रु, ब्यागेज, कार्गो ह्याण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि प्रति सिफ्टका आधारमा** आवश्यक जनशक्ति (कामदार) खटाई कार्य गर्ने सम्बन्धी कार्य गर्नको लागि आवश्यकता अनुसारको श्रमिक आपूर्ति गर्न नेपाल वायुसेवा निगम यात्रुसेवा विभाग त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल गौचर बोलपत्र आह्वान गर्दछ ।

२. नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अर्न्तगत पर्ने यात्रु, ब्यागेज, कार्गो ह्याण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि प्रति सिफ्टका आधारमा** श्रमिकको संख्या र प्रति कामदार ज्यालादर बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

३. बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपूर्तिकर्ताले e-GP System: www.bolpatra.gov.np/egp मा गई डाउनलोड गरी खरिद गर्न सक्नेछन् ।

४. ईच्छुक बोलपत्रदाताले बोलपत्र कागजात दाखिला गर्दा यस नेपाल वायुसेवा निगम यात्रुसेवा विभाग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरमा रु. ३०००.०० (तीन हजार मात्र) फिर्ता नहुने बुझाई वा नेपाल बैङ्क लिमिटेडको भुगोल पार्कको चल्ती नं. ००२००१००५०९९३८००००01 मा दाखिला गरेको नगद जम्मा गरेको सक्कल बैंक भौचर सहित बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७९/०३/२२ सम्म e-GP System: www.bolpatra.gov.np/egp मा नै बोलपत्र दाखिला गर्नु पर्नेछ ।

**५. बोलपत्र पेश गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक मिति २०७९/०३/१३ गते १३:३० बजे त्रि.अ.वि. निर्देशक यात्रुसेवा विभागको कार्यकक्षमा राखिएको हुनाले सबै सम्भावित बोलपत्रदाताहरुले उक्त मिति अगावै बोलपत्र सम्बन्धी कागजात खरिद गर्न उपयुक्त हुने कुरा जानकारी गराइन्छ ।**

६. बोलपत्रको मान्य अवधि बोलपत्र खोलिएको मितिदेखि ९० दिनको हुनेछ ।

७. बोलपत्र पेश गर्दा बोलपत्र साथ जम्मा कबोल रकमको २.५ प्रतिशतले हुन आउने रकम बोलपत्र खोलिने मितिदेखी गणना हुने गरी १२० दिन मान्य रहने गरी निगमको नेपाल बैङ्क लिमिटेडको भुगोल पार्कको चल्ती नं. ००२००१००५०९९३८०००००१ मा दाखिला गरेको नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट “क” वर्गको इजाजत प्राप्त बाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत संलग्न गर्नुपर्ने छ ।

८. दाखिला भएका बोलपत्रहरु २०७९/०३/२३ गते दिनको १३:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा निगमको त्रि.अ.वि. निर्देशक यात्रुसेवा विभागको कार्यकक्षमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न

बाधा पर्ने छैन । पूर्व निधारित मितिमा कारणवस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निधारित मिति देखिनै गरिनेछ ।

९. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

१०. बोलपत्रमा जहाजको प्रकृति अनुसार उपलब्ध गराईने श्रमिक संख्या र प्रति कामदार ज्यालादर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा बोलपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ ।

११. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

१३. श्रमिक आपूर्ति गर्ने करार अवधि भित्र नेपाल सरकारले श्रमिकको न्यूनतम पारिश्रमिक बृद्धि गरेको अवस्थामा दुई पक्षबीच बैठक बसी समायोजन गरेको अवस्था बाहेक अन्य अवस्थामा कुनै किसिमको मूल्य बृद्धि दिईने छैन ।

१४. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नेपाल वायुसेवा निगम यात्रुसेवा विभाग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरमा सुरक्षित रहनेछ ।

१५. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली २०६४, नेपाल वायुसेवा निगम आर्थिक कार्यविधि विनियमावली २०६५ बमोजिम हुनेछ ।

१६. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बझ्नु परेमा वा बोलपत्र सम्बन्धी कागजात हेर्नु परेमा यस नेपाल वायुसेवा निगम यात्रुसेवा विभाग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरमा मा सम्पर्क राख्न सकिनेछ । साथै यो सूचना यस कार्यलयको वेभ साइट www.nepalairlines.com.np मा र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साइट www.ppmo.gov.np मा पनि हेर्न सकिने छ ।

# खण्ड २

## बोलपत्रदातालाई निर्देशन
(Instruction Bidder)

| | |
|---|---|
| १. खरिद गरिने विषयको क्षेत्र | १.१ यस बोलपत्र सम्बन्धी कागजातमा संलग्न भए अनुसार नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अर्न्तगत पर्ने यात्रु, ब्यागेज, कार्गो ह्याण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि प्रति सिफ्टका आधारमा** आवश्यक जनशक्तिहरु खटाई कार्य गर्न कार्य गर्न श्रमिक आपूर्ति बन्दोबस्त गराउनु परेकोले यो बोलपत्र आब्हान गरिएको हो । बोलपत्रदाताले श्रमिक आपूर्ति तालिकामा उल्लेख भए बमोजिम श्रमिक आपूर्ति गर्ने तथा त्यससंग सम्बद्ध सेवा प्रदान गर्नु पर्नेछ । |
| २. लागु हुने अवस्था | २.१ आपूर्ति सम्झौताका अन्य भागमा उल्लेख गरिएका कुराहरुले कुनै परिवर्तन गरेको अवस्थामा बाहेक आपूर्ति सम्झौताको सामान्य शर्तमा उल्लेख भएका कुराहरु लागू हुनेछन् । |
| ३. खरिद सम्झौताको प्रयोग | ३.१ आपूर्तिकर्ताले नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अर्न्तगत पर्ने यात्रु, ब्यागेज, कार्गो ह्याण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि प्रति सिफ्टका आधारमा** आधारमा आवश्यक जनशक्तिहरु खटाई कार्य गर्ने सम्झौता सम्बन्धी विषयका कुनै कुरा, त्यसमा रहेका कुनै प्रावधान आदिका सम्बन्धमा खरिदकर्ताको पूर्व लिखित स्वीकृति वेगर आपूर्तिकर्ताको तर्फबाट यसै काममा संलग्न हुने व्यक्ति बाहेक अरु कसैलाई जानकारी दिनु हुँदैन । |
| ४. बोलपत्रदाताको योग्यता | ४.१ श्रमिक आपूर्ति बन्दोबस्तको कारवाहीमा समावेश हुने बोलपत्रदाताले आपूर्ति सम्झौता प्राप्त गरेमा सफलता पूर्वक सम्झौता कार्यान्वयन गर्न सक्षमता रहेको प्रमाणित गर्न बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेखित प्रमाण कागजातहरु पेश गर्नु पर्नेछ ।<br>४.२ बोलपत्रदाताले कम्तिमा तीन बर्ष विमानस्थल वा विमानसेवा कम्पनी वा सोही प्रकृतिको कम्पनीमा श्रमिक आपूर्ति गरेको अनुभवको प्रमाण कागजात पेश गर्नु पर्नेछ । |

| | |
|---|---|
| | ४.३ बोलपत्र दाखिला गर्दा फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण पत्रका प्रतिलिपि<br>४.४ बोलपत्रदाताको काठमाडौं उपत्यका भित्र व्यवस्थित कार्यालय रहेको हुनुपर्नेछ ।<br>४.५ बोलपत्रदाताले माग बमोजिम सेवा कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित सेवा कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र उक्त व्यवसाय सम्बन्ध कसुरमा आफुले सजाय नपाएको, प्रचलित नियम कानुन अनुसार कालो सुचिमा नपरेको र आर्थिक रुपमा टाट नपल्टेको लिखित स्वघोषण पेश गर्नुपर्नेछ ।<br>४.६ बोलपत्रदाताले पेश गरेको योग्यता सम्बन्धी विवरण तथ्यगत रुपमा झुठा वा सारभुत रुपमा अपुरो भएको पाइएमा सार्वजनिक निकायले कुनै पनि समयमा त्यस्तो बोलपत्रदातालाई अयोग्य ठहराउन सक्नेछ ।<br>४.७ कम्पनीको उद्देश्यमा विमानस्थल वा वायुसेवा कम्पनी वा सोही प्रकृतिको कम्पनीमा ग्राउण्ड ह्याण्डलिङ्ग वा लोडिङ्ग अफलोडिङ्ग कामदार आपूर्ति सम्बन्धी कार्य गर्ने भनी स्पस्ट लेखिएको हुनुपर्नेछ ।<br>४.८ श्रमिक आपूर्तिकर्ताको ईजाजत प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । श्रम इजाजत पत्रमा श्रम ऐन २०७४ को दफा ५९ को उपदफा ४ **श्रमिक आपूर्ति गर्ने** उद्देश्यमा उल्लेख भएको हुनु पर्नेछ र उक्त इजाजत पत्रमा विमानस्थल वा वायुसेवा कम्पनी वा सोही प्रकृतिको कम्पनीमा ग्राउण्ड ह्याण्डलिङ्ग वा लोडिङ्ग अफलोडिङ्ग कामदार आपूर्ति वा बोलपत्रको माग बमोजिम सम्बन्धी कामको विवरण खुलाएको हुनु पर्नेछ ।<br>४.९ सामाजिक सुरक्षा कोषमा दर्ता भई सामाजिक सुरक्षा योजनामा कम्तीमा १०० जना जनशक्ति सहभागी भएको हुनुपर्नेछ ।<br>४.१० विगत ३ वर्ष भित्र कुनै पनि विभाग, फर्म, संस्था वा कार्यालयमा १ वर्ष सम्म ८५ जना जनशक्तिहरु आपूर्ति गरी विमानस्थल वा विमान सेवा कम्पनी वा सोही प्रकृतिको कम्पनीमा ग्राउण्ड ह्याण्डलिङ्ग वा लोडिङ्ग अफलोडिङ्ग कामदार आपूर्ति कार्य गरेको प्रमाणित कागजात पेश गर्नु पर्नेछ ।<br>४.११ Organization & Management कार्यविधि भएको हुनुपर्ने ।<br>४.१२ बोलपत्र दाखिला गर्ने फर्म, संस्था वा कम्पनीले विमानस्थल वा विमान कम्पनीमा वा सोही प्रकृतिको कम्पनीमा श्रमिक आपूर्ति गरेवापत विगत ३ वर्षभित्र ६ करोड रुपैयाँ बराबरको कारोबार गरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ । |

| | |
|---|---|
| | ४.१३ बोलपत्र दाखिला गर्ने फर्म, संस्था वा कम्पनीले पछिल्लो ५ वर्ष भित्रमा कुनै एक आर्थिक वर्षमा ३ लाख बराबरको आयकर चुक्ता गरेको प्रमाणपत्र हुनु पर्नेछ ।<br>४.१४ बोलपत्र दाखिला गर्ने फर्म, संस्था वा कम्पनीको नगद प्रवाह क्षमता (Line of Credit ) कम्तिमा वार्षिक १ करोड बराबरको रहेको पेश गर्नु पर्नेछ ।<br>४.१५ एउटा बोलपत्रदाताले यस संग सम्बन्धीत एउटा मात्र बोलपत्र पेश गर्न पाउने । |
| ५. एउटा बोलपत्रदाताले एउटा बोलपत्र पेश गर्न पाउने | ५.१ एक बोलपत्रदाताले व्यक्तिगत रुपमा एउटा मात्र बोलपत्र पेश गर्न सक्नेछ । एक बोलपत्रदाताले एक भन्दा बढी बोलपत्र पेश गरेमा सो वोलपत्रदाता सहभागी भएको सवै वोलपत्र रद्द हुनेछन् । |
| ६. बोलपत्रसम्बन्धी कागजातका विषयहरु | ५.१ बोलपत्रमा उल्लेखित कागजात देहायमा उल्लेखित कागजात हुनेछन :<br>क) वोलपत्र आह्वानको सूचना<br>ख) बोलपत्रदातालाई निर्देशन<br>(ग) वोलपत्र तथ्यांक सम्बन्धी विवरण<br>(३) फारामका नमूनाहरु : बोलपत्र पेश गरेको निबेदन फाराम र श्रमिक आपूर्ति सम्झौताको फाराम<br>(ङ) श्रमिक आपूर्ति सम्झौताका सामान्य शर्तहरु<br>(च) श्रमिक आपूर्ति सम्झौताको विशेष शर्तहरु<br>(छ) श्रमिक आपूर्ति तालिका<br>(ज) प्राविधिक विवरण (Technical Specifications)<br>(झ) कार्य परिमाण सुचि (BIll of Quantity)<br>(ञ) जमानत फारमका नमुनाहरु : बोलपत्र जमानत, कार्य सम्पादन जमानत तथा पेश्कि भुक्तानीको लागि जमानत । |
| ७. बोलपत्रको भाषा | ७.१ बोलपत्रसम्बन्धी कागजातको तथा बोलपत्र सम्बन्धी सम्पूर्ण कागजपत्रहरुको भाषा नेपाली भाषामा हुनेछ । |
| ८.बोलपत्रको मुद्रा | ८.१ बोलपत्रको मुद्रा नेपाली रुपैया हुनेछ र खरिद सम्झौता बमोजिमको भुक्तानी समेत नेपाली रुपैयामा गरिनेछ । |
| ९.बोलपत्रसंग सम्बन्धित कागजातका अस्पस्ट भएमा वा द्धिविधा भएमा , बोलपत्र पेश गर्नुपूर्वको बैठक र बोलपत्रको मान्य अवधी | ९.१ बोलपत्र सम्बन्धी कागजातहरुको बिषयमा कुनै बुंदा नबुझेमा, द्विविधा भएमा वा जानकारी लिनु परेमा यात्रुसेवा बिभागको प्रशासन शाखामा, कार्यालय समयमा सम्पर्क गरि बुझ्न सकिनेछ ।<br>सम्पर्क व्यक्तिको नाम :तेज बहादुर थापा,<br>पद :बरिष्ठ अधिकृत, प्रशासन<br>ठेगाना :यात्रुसेवा बिभाग, प्रशासन शाखा, नेपाल वायुसेवा निगम, त्रि.अ.बि गौचर<br>सम्पर्क टेलिफोन नं :४११३२७९(का.), ९८४१३६८७८४(मो.)<br>९.२ यस बिषयमा यात्रुसेवा बिभाग बाट बोलपत्र प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०७९।०३।१३ |

| | |
|---|---|
| | गते) टेण्डर सम्बन्धि पूर्ब बैठक श्री निर्देशकज्यु, यात्रुसेवा बिभागको कार्यकक्ष, त्रि.अ.बि.मा दिनको १३:३० बजे आयोजना गरिनेछ ।<br>९.३ बोलपत्र सम्बन्धी प्रस्तावको मान्य अवधी बोलपत्र खोलिने दिन देखी ९० दिनको हुनेछ । |
| १०. कबोल मूल्य | १०.१ बोलपत्रदाताले खरिद सम्झौता अन्तर्गत प्रति कामदार प्रति दिन ज्याला मूल्य र कुल मूल्य उल्लेख गर्नु पर्नेछ ।<br><br>१०.२ कबोल मूल्यमा खरिद सम्झौता बमोजिम बोलपत्रदाताले तिर्नुपर्ने ( मू.अ. कर बाहेक) कर, शुल्क लगायत अन्य शुल्कहरु समेत समावेश रहेको मानिनेछ ।<br><br>१०.३ बोलपत्रदाताले बोलपत्रमा उल्लेख गरेको मूल्य अपरिवर्तनीय रहनेछ । मूल्य परिवर्तन नहुने कुरा सम्झौता बमोजिमको काम सम्पन्न नहुन्जेल सम्मको अवधिका लागि लागु हुनेछ र यस अवधिमा हुने कुनै मूल्य परिवर्तनलाई मानिने छैन । |
| ११.बोलपत्रको जमानत | ११.१ बोलपत्रमा कबोल गरेको रकम (मू.अ.कर बाहेक) को २.५ प्रतिशतले हुन आउने रकम निगमको नेपाल बैंक लिमिटेड, भुगोल पार्कको चल्ती खाता नं. ००२००१००५०९९३८००००१ मा दाखिला गरेको सक्कल भौचर वा 'क' बर्गको बाणिज्य बैंकले जारी गरेको सो रकम बराबरको जमानतको सक्कल प्रति सिलबन्दी बोलपत्रको आर्थिक प्रस्ताब संगै अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । बोलपत्र जमानतको मान्य अवधि बोलपत्र खोलिने मितिदेखि गणना गर्दा १२० दिन हुनु पर्नेछ ।<br><br>११.२ स्विकृत नभएको सिलबन्दी बोलपत्रको सो जमानत रकम बोलपत्रदातालाई फिर्ता गरिनेछ । उक्त धरौटी रकम बैंक ग्यारेण्टी मार्फत पेश भएको भए बैंक ग्यारेण्टीको मान्य अबधि बोलपत्रको मान्य अबधि भन्दा ९० दिन बढीको लागि जारी भएको हुनुपर्नेछ । |
| १२. बोलपत्र जमानतको जफत | **बोलपत्रदाताले पेश गरेको जमानत देहायको अवस्थामा जफत हुने छ :** |

| | |
|---|---|
| | १२.१ बोलपत्र पेश गर्ने अन्तिम मिति र समय पछि बोलपत्र मान्य हुने अबधि भित्र बोलपत्रदाताले बोलपत्र संसोधन गर्न वा फिर्ता गर्न माग गरेमा ।<br><br>१२.२ छनौट भएको बोलपत्रदाताले बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित शर्त बमोजिम सेवा सम्झौता नगरेमा ।<br><br>१२.३ बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित कार्य सम्पादन (Performance Bond) जमानत बोलपत्रदाताले सेवा सम्झौता गर्ने म्याद भित्र दिन नसकेमा ।<br><br>१२.४ बोलपत्रदाताहरुका बीच खरिद सम्बन्धी काम बाँडफाँड गर्ने वा बोलपत्र वा प्रस्ताबको मुल्य कृत्रिम वा अप्रतिस्पर्धि तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्बजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट बञ्चित गर्ने उद्देश्यले बोलपत्र वा प्रस्ताब पेश गर्नु भन्दा अघि वा पछि मिलेमतो गर्न वा गुटबन्दीमा संलग्न भएमा ।<br><br>१२.५ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुचित प्रलोभन दिएमा वा सोको प्रस्ताब गरेमा ।<br><br>१२.६ तथ्य बंग्याई वा झुक्याई पेश गरेमा ।<br><br>१२.७ भ्रष्टाचारजन्य वा जालसाजीपूर्ण कार्य गरेमा वा त्यस्तो कार्यमा संलग्न भएमा ।<br><br>१२.८ बोलपत्र वा प्रस्ताब सम्बन्धी काम कारबाहीमा कुनै किसिमले संलग्न हुने अन्य प्रतिस्पर्धी बोलपत्रदाता वा प्रस्ताबदाताको सहभागितामा हस्तक्षेप गरेमा ।<br><br>१२.९ खरिद कारबाहीमा कुनै व्यक्तिको जिउ ज्यान वा सम्पत्ति नोक्सान गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने कार्य वा करकाप जन्य कार्य गरेमा ।<br><br>१२.१० बोलपत्र सम्बन्धि प्रस्ताब खोलेको समय देखि बोलपत्र स्विकृतिको सुचना नदिदा सम्मको अबधिमा प्रस्ताबका सम्बन्धमा प्रभाब पार्ने उद्देश्यले बोलपत्र आब्हान गर्ने निकायसंग सम्पर्क गर्न वा बोलपत्रको परिक्षण र मुल्याङ्कन वा प्रस्ताबको मुल्याङ्कनमा कुनै किसिमको प्रभाब पार्ने कार्य गरेमा । |

| | |
|---|---|
| | १२.११ बोलपत्रदाताले बोल कबोल गरेको ज्याला रकम लाई बोलपत्र सम्बन्धी प्रस्तावमा (कागजात) उल्लेख भएको आधार/शर्त/दायित्व अनुरुप प्रत्येक ईकाईमा छुट्याई ( Segregate) गरी बोल कबोल गरेको ज्यालाको गणितीय हिसाब देखाउनु पर्नेछ ।<br><br>१२.१२ आर्थिक प्रस्तावमा कबोल गरेको रकमको अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई आधिकारिक मानिनेछ ।<br><br>१२.१३ ईच्छुक बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको ज्याला रकमले नेपाल सरकारले निर्धारण गरेको न्यूनतम ज्यालदर तथा निगमले कामदारलाई कार्य गरेवापत दिनुपर्ने भनी उल्लेख गरेको न्यूनतम सेवा सुविधालाई सम्बोधन गर्न नसक्ने कुरा आर्थिक प्रस्ताव मूल्याङ्कनका क्रममा मूल्याङ्कन समितिलाई लागेमा उक्त आर्थिक प्रस्तावलाई मूल्याङ्कन समितिले अयोग्य ठहऱ्याउन सक्नेछ र यसमा कहीं कतै उजुर बाजुर लाग्ने छैन ।<br><br>१२.१४ बोलपत्र प्रस्ताब छनोट भई निगमले सुचना वा पत्राचार गरी जानकारी गराएको १५ (पन्ध्र) दिनभित्र सम्झौता गर्न नआएका फर्म/संस्था वा कम्पनीहरुको धरौटी बापत राखिएको रकम जफत गर्न सक्नेछ ।<br><br>१२.१५ अन्य शर्तहरु बोलपत्र कागजातमा उल्लेख भए अनुसार तथा सार्वजानिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र नेपाल वायुसेवा निगमको आर्थिक बिनियमावली २०६५ बमोजिम हुनेछ । |
| १३.संयुक्त उपक्रम | १३. बोलपत्र पेश गर्दा एक भन्दा बढि संस्था मिलि संयुक्त उपक्रम (Joint Venture) मा बोलपत्र पेश गर्न पाईने छैन । त्यसै गरि बोलपत्रदाताबाट आशिंक कार्यको लागि मात्र बोलपत्र पेश गर्न पाईने छैन । |
| १४. बोलपत्रमा हस्ताक्षर गर्नुपर्ने | १४.१ बोलपत्र नमेटिने मसीले लेखिएको वा टाइप गरिएको र आधिकारिक व्यक्तिबाट हस्ताक्षर भएको हुनुपर्नेछ । बोलपत्रमा लेखिएको कुनै दर सच्चाइएको, फेरबदल गरिएको, थपिएको भएमा सो स्थानमा माथि उल्लेखित आधिकारिक हस्ताक्षरीबाट हस्ताक्षर गरिएको हुनुपर्नेछ ।<br>१४.२ बोलपत्रमा हस्ताक्षर गर्ने अधिकारपत्र बोलपत्रसाथ पेश गर्नु पर्नेछ । |
| १५.बोलपत्र पाईने स्थान, दर्ता गर्नुपर्ने स्थान तथा | १५.१ बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपूर्तिकर्ताले e-GP System: |

| | |
|---|---|
| दाखिला गर्ने अन्तिम मिति र समय | www.bolpatra.gov.np/egp मा गई डाउनलोड गरी खरिद गर्न सक्नेछन् ।<br>१५.२. ईच्छुक बोलपत्रदाताले बोलपत्र कागजात दाखिला गर्दा यस नेपाल वायुसेवा निगम यात्रुसेवा विभाग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरमा रु. ३०००.०० (तीन हजार मात्र) फिर्ता नहुने बुझाई वा नेपाल बैङ्क लिमिटेडको भुगोल पार्कको चल्ती नं. ००२००१००५०९९३८००००१ मा दाखिला गरेको नगद जम्मा गरेको सक्कल बैंक भौचर सहित बोलपत्र पेश गर्ने अन्तिम मिति २०७९/०३/२२ गते सम्म e-GP System: मा नै बोलपत्र दाखिला गर्नु पर्नेछ । |
| १६. बोलपत्र खोल्ने मिति,समय , स्थान र बोलपत्र खोल्ने प्रक्रिया | १६.१ e -GP System मा दर्ता हुन आएका बोलपत्रहरु ३१ औं दिन सबै बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । तर बोलपत्र खोल्न बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएको खण्डमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।<br>**बोलपत्र खोलिने स्थान तथा समय**<br>श्री निर्देशकज्युको कार्यकक्ष,<br>यात्रुसेवा बिभाग, त्रि.अ.बि, गौचर<br>मिति: २०७९।०३।२३ गते<br>समय: १३:३० बजे<br><br>१६.२ बोलपत्र दर्ता वा खोल्ने अन्तिम दिन बिदा परेमा सोको लगतै कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा बोलपत्र दर्ता तथा खोल्ने कार्य हुनेछ ।<br><br>१६.३ माथि उल्लेख भए बमोजिमको प्रक्रिया सम्पन्न भए पछि खरिदकर्ताले दाखिला भएका बोलपत्रहरु मध्ये बोलपत्र फिर्ता माग गरेको बोलपत्रहरु क्रमैसंग खोली त्यस्तो बोलपत्रको देहायको कुरा पढेर सुनाई सोको मुचुल्का तयार गर्नु पर्नेछ र त्यस्तो मुचुल्कामा खोल्ने कार्यमा संलग्न पदाधिकारीहरु तथा उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिको दस्तखत गराउनु पर्नेछ:<br>(क) बोलपत्रदाताको नाम र ठेगाना,<br>(ख) बोलपत्रको कबोल अङ्क र प्रत्येक कामदार दररेट<br>१६.४ खरिदकर्ताले माथि उल्लेख भए बमोजिम तयार गरेको मुचुल्काको प्रमाणित प्रतिलिपि खोलेको दिन नै मुचुल्कामा हस्ताक्षर गर्न सबैलाई दिनु पर्ने छ । |

| | |
|---|---|
| १७. बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सकिने | १७.१ खरिदकर्ताले बोलपत्रको परीक्षण वा मूल्याङ्कनको सिलसिलामा बोलपत्रदातासँग आवश्यक जानकारी माग गर्न सक्नेछ ।<br>१७.२ खरिदकर्ताले माग गरेको जानकारी सम्बन्धित बोलपत्रदाताले खरिदकर्ता समक्ष पेश गर्नु पर्नेछ र त्यसरी जानकारी दिंदा बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न सकिने छैन । |
| १८. बोलपत्रको मूल्याङकन प्रक्रिया गोप्य रहने | १८.१ सफल बोलपत्रदातालाई बोलपत्र स्वीकृत गर्ने आशयको सूचना नदिए सम्म बोलपत्रहरुको परीक्षण, मूल्याङ्कन र तुलना, बोलपत्रदातासंग माग भएको जानकारी तथा बोलपत्र स्वीकृतिको सिफारिस जस्ता प्रक्रियाहरु गोप्य राखिनेछ ।<br>१८.२ बोलपत्र खोलेको समय देखि बोलपत्र स्वीकृतीको सूचना नदिंदा सम्मको अवधिमा बोलपत्रका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले खरिदकर्तासँग सम्पर्क गर्न वा बोलपत्रको परीक्षण र मूल्यांकनमा कुनै किसिमले प्रभाब पार्ने कार्य गरेमा निजको बोलपत्र रद्द हुनेछ । |
| १९. बोलपत्रदाताको ग्राह्यताको परीक्षण | १९.१ बोलपत्रदाता बोलपत्र पेश गर्ने कानून बमोजिम योग्य भएको पुष्ट्याई गर्न बोलपत्रदातालाई निर्देशनको दफा नम्बर ६ मा उल्लिखित कागजातहरु पेश भए वा नभएको सम्बन्धमा बोलपत्र मूल्याङ्कन समितिले बोलपत्रदाताको ग्राह्यताको परीक्षण गर्नेछ बोलपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने कागजात पेश नगर्ने बोलपत्रदाताको बोलपत्र उपर अग्रिम कारबाही गरिने छैन ।<br>१९.२ माथि जुनसुकै कुरा लेखिको भएता पनि बोलपत्र सम्बन्धी कागजात खरिद गर्दा कानूनी ग्राह्यता पुष्टि गर्ने कागजात पेश गरी सकेको भएमा त्यस्तो कागजातलाई मान्यता दिईनेछ ।<br>१९.३ खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाभिएको र व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भनी बोलपत्र पेश गरेको निबेदनमा गरेको घोषणालाई लिखित रुपमा गरेको घोषणापत्र सरह मान्यता दिईनेछ । |
| २०. बोलपत्रको पूर्णताको परीक्षण | २०.१ ग्राह्यताको परीक्षण पछि बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको सम्बन्धमा देहाय बमोजिम बोलपत्र मूल्याङ्कन समितिले पूर्णताको परीक्षण गर्नेछ :<br>(क) बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहिछाप भए वा नभएको,<br>(ख) बोलपत्र साथ बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिम, अवधि र रकमको जमानत संलग्न भए वा नभएको, |

| | |
|---|---|
| | (ग) बोलपत्रदाताको अधिकार प्राप्त प्रतिनिधिलाई बोलपत्रमा हस्ताक्षर गर्न दिएको अख्तियारनामाको सक्कल कागजात पेश भए वा नभएको,<br>(घ) बोलपत्रदाताको योग्यता सम्बन्धी आवश्यक कागजात पेश भए वा नभएको,<br>(ङ) खरिदकर्ता वा खरिदकर्ताले तोकेको अन्य निकायबाट बिकी गरेको बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र पेश भए वा नभएको,<br>(च) सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात भरी पेश भए वा नभएको,<br>(छ) माग भए बमोजिमको बोलपत्रको मान्य अवधि भए, वा नभएको,<br>(ज) एक बोलपत्रदाताले एक मात्र बोलपत्र पेश भए वा नभएको,<br>(झ) सारभूतरुपले असर गर्ने शर्त राखी बोलपत्र पेश भए वा वा नभएको,<br>(ञ) खरिदकर्ताले माग गरेको अन्य कागजात पेश भए वा नभएको । |
| २१. अंक गणितीय त्रुटी सच्याउन सकिने | २१.१ बोलपत्र परीक्षण गर्दा बोलपत्रमा कुनै अंक गणितीय त्रुटी पाइएमा खरिदकर्ताले त्यस्तो त्रुटि सच्याउन सक्नेछ र त्यसरी त्रुटी सच्याउंदा प्रति कामदार ज्यालादर र कूल रकममा भिन्नता भएमा प्रति कामदार ज्यालादर मान्य हुनेछ र सोही दर बमोजिम कूल रकम सच्याईनेछ ।<br>२१.२ बोलपत्रमा उल्लेख गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ । खरिदकर्ताले त्रुटी सच्याएकोमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई दिईनेछ ।<br>२१.३ बोलपत्रमा देखिएको अंकगणितीय त्रुटी सच्याइएको कुरा बोलपत्रदाताले स्वीकार नगरेमा निजको बोलपत्र रद्द गरी जमानत जफत हुनेछ । |
| २२. बोलपत्रको मूल्याङकन तथा तुलना | २२.१ बोलपत्रको मूल्याङ्कन बोलपत्र सम्वन्धी कागजातमा उल्लिखित सबै शर्तहरु तथा प्राबिधिक स्पेशिफिकेशनको सोही कागजातमा उल्लिखित आधार र तरिका अनुसार परीक्षण गरी सारभूतरुपमा प्रभावग्राही भए नभएको मूल्याङ्कन गर्नेछ ।<br>२२.२ बोलपत्रको मूल्याङ्कन गर्दा बोलपत्र अस्विकार गर्नु नपर्ने गरी प्राबिधिक स्पेशिफिकेशन, विवरण, विशेषता आदि जस्ता कुराहरुमा सानातिना फरक पाईएमा सम्भव भएसम्म सोको मूल्य निकाली बोलपत्रको मूल्याङ्कनको प्रयोजनको लागि मूल्यांकित रकम कायम गरी बोलपत्रको मूल्याङ्कन गरिनेछ । |

| | |
|---|---|
| | २२.३ बोलपत्रदाताले सन्तोषजनक रुपमा श्रमिक आपूर्ति गर्न नसक्ने गरी अस्वाभाविक न्यून दर उल्लेख गरेको वा श्रमिक आपूर्तिको प्राविधिक स्पेसिफिकेशन गलत रुपमा बुझी वा नबुझी अस्वाभाविक न्यून कबोल अङ्क उल्लेख गरेको भएमा सम्बन्धित बोलपत्रदातासँग स्पष्टीकरण माग गर्न सकिनेछ ।<br>२२.४ माथि उल्लेख भए बमोजिम सोधिएको स्पष्टीकरणको जवाफ सन्तोषजनक भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबरको थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्न सकिनेछ र स्पष्टीकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सकिनेछ ।<br>२२.५ खरिदकर्ताले बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित सवै शर्तहरु पूरा गरेका प्रत्येक सारभूतरुपमा प्रभावग्राही बोलपत्रहरुको मूल्याङ्कित रकम अर्को बोलपत्रको मूल्याङ्कित रकमसंग तुलना गरी न्यूनतम अंक कबोल गर्ने बोलपत्र निर्धारण गर्नु पर्नेछ । |
| २३.बोलपत्र स्वीकृतिको लागि छनोट गरिने | २३.१ न्यूनतम अंक कबुल गर्ने बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यता अनुरुप भए नभएको जांच गर्नु पर्नेछ ।<br>२३.२ न्यूनतम अंक कबुल गर्ने बोलपत्रदाताको योग्यता जाँच गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यता अनुरुप भएको पाईएमा त्यस्तो बोलपत्र न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मानिनेछ ।<br>२३.३ यसरी जांच गर्दा त्यस्तो बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित मूल्यांकनका आधार अनुरुप भएको नपाइएमा निजको वोलपत्र मूल्यांकनवाट हटाइ क्रमश: अर्को न्यूनतम अंक कबुल गर्ने बोलपत्रदाताको योग्यताको जाँच सोही आधारमा गरी न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको पहिचान गरिनेछ ।<br>२३.४ बोलपत्र सम्बन्धी कागजात अनुरुप न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभाबग्राही भएको बोलपत्रदाताको कबोल रकम लागत अनुमान भन्दा सारभूतरुपमा बढी नभएमा स्वीकृतिको लागि छनौट गरिनेछ । |
| २४.बोलपत्र स्वीकृतिको आशयको सुचना दिने | २४.१ बोलपत्र स्वीकृत गर्नु अघि खरिदकर्ताले छनौट भएको बोलपत्रदातालाई निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिई सोको लिखित जानकारी बोलपत्र पेश गर्ने अन्य सबै बोलपत्रदातालाई समेत दिईनेछ ।<br>२४.२ खरिदकर्ताले खरिद कारबाही वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नु पर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै बोलपत्रदाताले त्यस्तो त्रुटी वा निर्णयको |

| | |
|---|---|
| | पुनरावलोकनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिएको सात दिन भित्र सम्बन्धित निगमको यात्रुसेवा विभाग निर्देशक समक्ष खरिदकर्ताले कुन काम गरेको वा नगरेको कारणले त्यस्तो त्रुटी हुन गएको हो वा कर्तव्य पालना नभएको हो र त्यस्तो निर्णय कुन ऐन वा नियम वा निर्देशिकाको कुन प्राबधान विपरित छ भन्ने कुरा स्पष्ट रुपमा खुलाई निबेदन दिन सक्नेछ ।<br>२४.३ माथि उल्लेख भए बमोजिम निगमको यात्रुसेवा विभाग निर्देशक समक्ष निबेदन पर्न आएमा त्यस्तो निबेदन परेको मितिले पाँच दिनभित्र निगमको यात्रुसेवा विभाग निर्देशक ले निर्णय गरी सोको जानकारी निबेदनकर्तालाई दिनेछ । |
| २५.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार खरिदकर्ताको हुने | २५.१ कुनै बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, खरिद कारबाही रद्द गर्ने वा ठेक्का प्रदान गर्नु अघि कुनै पनि समयमा सबै बोलपत्रहरु रद्द गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा रहने छ । यसरी बोलपत्र रद्द गरिएको भएमा रद्द गरिएको कारण बोलपत्र पेश गर्ने सबै बोलपत्रदातालाई जानकारी दिईनेछ । |
| २६. पुनराबलोकनको लागि बोलपत्रदाताले निबेदन | २६.१ बोलपत्र सम्बन्धी कारबाही वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नु पर्ने कर्तव्य पालना नगरेकोले कुनै बोलपत्रदाता आफुलाई क्षति पुग्ने वा पुग्न सक्ने लागेमा निज बोलपत्रदाताले कारण खुलाई त्यस्तो त्रुटि वा निर्णयको पुनरावलोकनका लागि निगमका यात्रुसेवा विभाग निर्देशकज्यू समक्ष निबेदन दिन सक्नेछ ।<br>२६.२ यसरी पुनरावलोकनका लागि निबेदन दिन चाहने बोलपत्रदाताले देहायका कुरा हरु खुलाई हस्ताक्षर गरेको हुनु पर्नेछ ।<br>• निबेदकको नाम, ठेगाना, मोबाईल नं, ईमेल ठेगाना ( यदि छ भने)<br>• निबेदन दिनु पर्ने तथ्यगत र कानूनी आधार<br>• कबोल गरिएको रकमको एक (१) प्रतिशत रकम निगमको नेपाल बैंक लिमिटेड, भुगोल पार्कको चल्ती खाता नं. ००२००१००५०९९३८००००१ मा दाखिला गरेको सक्कल भौचर वा कम्तिमा ९० दिन जारी भएको बैङ्क जमानत । |

| | |
|---|---|
| | २६.३ दफा (२६.२) बमोजिम नगद वा  बैङ्क जमानत पेश नभएमा पुनरावलोकनको लागि परेको निवेदन उपर कारवाही गरिने छैन ।<br><br>२६.४ ऐन, कानुन अनुसार दावी पुगेमा त्यस्तो जमानत रकम निर्णय भएको मितिले सात दिन भित्र निवेदकलाई फिर्ता गर्नु   पर्नेछ । |
| २७ . बोलपत्र स्वीकृत गर्ने, सो को जानकारी दिने र सम्झौता गर्ने | २७.१ पुनराबलोकनको लागि कुनै पनि बोलपत्रदाताले निबेदन नगरेमा छनौट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजलाई पन्ध्र दिन भित्र खरिद सम्झौता गर्नको लागि कार्य सम्पादन जमानत दाखिला गर्न सूचना दिईनेछ ।<br>२७.२ बोलपत्र खोलिएको मितिले बोलपत्र मान्य रहने अवधि भित्र माथि उल्लेख भए बमोजिमको सूचना प्रदान गरिसक्नु पर्नेछ ।<br>२७.३ कार्य सम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी सो भन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजसंग खरिद सम्झौता गरिनेछ ।<br>२७.४ खरिद सम्झौता सम्पन्न भए पछि खरिदकर्ताले बोलपत्र पेश गर्ने अन्य बोलपत्रदाताहरुलाई जानकारी पठाउनेछ र सो सूचना दिएको तीस दिन भित्र बोलपत्र अस्वीकृत भएको कुनै बोलपत्रदाताले निजको बोलपत्र अस्विकृत भएको कारणको जानकारी माग गरेमा निजलाई सो सम्बन्धमा जानकारी दिईनेछ । |
| २८. कार्य सम्पादन जमानत | २८.१ बोलपत्र स्वीकृत भएमा स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सुचना पाएको १५ (पन्ध्र) दिनभित्र कार्यसम्पादन जमानत (Performance Bond) बापत कबोल गरेको  ५ प्रतिशत रकम वा 'क' बर्गको बाणिज्य बैंकले जारी गरेको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । सो बैंक ग्यारेण्टीको मान्य अबधि सम्झौता अबधि भन्दा कम्तिमा १५० दिन बढिको लागि हुनु पर्नेछ ।<br><br>२८.२ स्वीकृत नभएको सिलबन्दी बोलपत्रको जमानत रकम बोलपत्रदातालाई फिर्ता गरिनेछ । उक्त धरौटी रकम बैङक ग्यारेण्टी मार्फत भएको भए बैङक ग्यारेण्टीको मान्य अवधी बोलपत्रको मान्य अवधी भन्दा १२० दिन वढीको लागि जारी भएको हुनुपर्नेछ । माथि उललेखित कुनै कारणबाट सम्झौता तोडिएमा सम्झौताको लागि स्वीकृत बोलपत्रदाताले कार्य सम्पादन जमानत (Performance Bond) |

| | |
|---|---|
| | बापत जम्मा गरेको धरौटी रकम जफत गरिनेछ वा सो कार्य सम्पादन बापतको रकम सम्बन्धित बैंकबाट असुल उपर गरिनेछ । |
| २९.बोलपत्रदाताको आचरण | २९.१ खरिद सम्झौताले निर्दिष्ट गरेका विषय, बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भएका कुरा तथा सार्वजनिक खरिद कानूनको व्यवस्था बमोजिमको दायित्व निर्वाह गर्नु आपूर्तिकर्ताको जिम्मेवारी हुनेछ ।<br>२९.२ बोलपत्रदाताले खरिद प्रकृयामा वा खरिद सम्झौताको कार्यान्वयनमा प्रभाव पार्ने मनसायले देहायका कार्य गर्नु वा गराउनु हुदैन:<br>(क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुचित प्रलोभन दिन वा सोको प्रस्ताव गर्न,<br>(ख) तथ्य बंग्याई वा भुक्याई पेश गर्न,<br>(ग) भ्रष्ट्राचारजन्य वा जालसाजीपूर्ण कार्य गर्न वा त्यस्तो कार्यमा संलग्न हुन,<br>(घ) बोलपत्र सम्बन्धी काम कारबाईमा कुनै किसिमले संलग्न हुने अन्य प्रतिस्पर्धी बोलपत्रदाताको सहभागितामा हस्तक्षेप गर्न,<br>(ङ) खरिद कारबाहीमा संलग्न कुनै व्यक्तिको जीउ ज्यान वा सम्पत्ति नोक्सान गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने कार्य वा करकापजन्य कार्य गर्न,<br>(च) बोलपत्रदाताहरु बीच खरिद सम्बन्धी काम बाँडफाँड गर्ने वा बोलपत्रको मूल्य कृत्रिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने उदेश्यले बोलपत्र पेश गर्नु भन्दा अघि वा पछि मिलोमतो गर्न वा गुटबन्दीमा संलग्न हुन,<br>(छ) बोलपत्र खोलेको समय देखि बोलपत्र स्वीकृतिको सूचना नदिंदा सम्मको अवधिमा बोलपत्रका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले निगमसँग सम्पर्क गर्न वा बोलपत्रको परीक्षण र मूल्यांकनमा बोलपत्रको मूल्यांकनमा कुनै किसिमले प्रभाब पार्ने कार्य गर्न । |
| ३० .स्वीकृत बोलपत्रदाताको दायित्व | ३०.१ स्वीकृत बोलपत्रदाताले ग्राउण्ड हैण्डलिङ्ग सम्बन्धि कार्यमा छिटो छरितोपना, नियमितता र प्रभावकारीता ल्याउने कार्यमा ईमान्दारीपूर्बक पूर्ण रुपमा दायित्व बहन गर्नुपर्नेछ ।<br>३०.२ स्वीकृत बोलपत्रदाताबाट परिचालन हुने जनशक्ति, उपकरण र साधनहरुले जनसमुदाय, निगमका कर्मचारी र सम्पति वा यात्रु बर्गमा कुनै किसिमको असुबिधा/हानी |

| | |
|---|---|
| | नोक्सानी पुऱ्याउनु हुँदैन । यदि पुऱ्याएमा सोको क्षति पूर्ति स्वीकृत बोलपत्रदाताले ब्यहोर्नुपर्नेछ ।<br><br>३०.३ स्वीकृत बोलपत्रदाताबाट खटाइएका कामदारहरुको कारणले उडान ढिला हुन गएमा वा यात्रुहरुको Baggage Delivery को कार्य गर्दा ढिला हुन गएमा वा हानी नोक्सानी पुग्न गएमा तथा निजहरुको हेलचेक्र्याई वा लापरबाहीबाट सामान टुटफुट भएमा वा बिग्रिएको पाईएमा सो को जानकारी निगमलाई तुरुन्त गराउनुपर्नेछ । यसरी हिनामिना भएको वा टुटफुट भएको वा बिग्रीएको सामानको मर्मत सम्भार गर्ने र यस बापत लाग्ने खर्च व्यहोर्ने जिम्मा स्विकृत बोलपत्रदाताको हुनेछ ।<br><br>३०.४ स्वीकृत बोलपत्रदाताबाट खटाइएका कामदारहरुले चोरी गर्न खोजेमा वा चोरी गरेमा यसको पूर्ण जवाफदेही स्विकृत बोलपत्रदाता स्वयं हुनेछ । यसरी सम्पत्ति चोरी गरेको वा हानी नोक्सानी गरेको पाईएमा निगमले स्विकृत बोलपत्रदातालाई सूचना दिएको २४ घण्टाभित्र सो कामदारलाई कामबाट निश्कासन गर्नु पर्नेछ ।<br><br>३०.५ कुनै पनि चाडपर्ब, सार्बजनिक बिदा, बन्द/हडतालका दिनहरुमा उडान संचालन सुचारु रुपमा सम्पन्न गर्नको लागि समयमा कामदारलाई कार्यस्थल सम्म पुऱ्याउने /खटाउने दायित्व स्वीकृत बोलपत्रदाताको हुनेछ । यसरी समयमा कामदारलाई कार्यस्थल पुऱ्याउन नसकेर सिर्जना हुन सक्ने आर्थिक नोक्सानीको लागि कार्यस्थलमा नपुगेका कर्मचारीहरुको संख्यालाई आधार मानी निगमले भुक्तानी गर्दै आएको रकममा २५% जरिवाना जोडी हर्जाना तिराउन सक्नेछ ।<br><br>३०.६ स्वीकृत बोलपत्रदाता र निजका कामदारहरुले कुनै पनि थुनछेक/बन्द हडताल वा अन्य कुनै पनि काममा बाधा पर्ने किसिमको कृयाकलाप गर्न/गराउन पाईने छैन र यदि कुनै पनि त्यस्तो कृयाकलाप गरेको वा गर्न लगाईएको कारणले सिर्जना हुने हानी नोक्सानी वा क्षति सम्बन्धी सम्पूर्ण दायित्व स्विकृत बोलपत्रदाताको हुनेछ र यस्तो अबस्थामा स्विकृत बोलपत्रदाताको कार्यसम्पादन जमानत (Performance Bond) वापत |

| | |
|---|---|
| | राखेको नगद जमानत वा बैंक जमानत जफत गरी सम्झौता तोड्न सकिने छ ।<br><br>३०.७ स्वीकृत बोलपत्रदाताले काममा खटाउने सम्पुर्ण कामदारहरुको Medical Check-Up गराई सो को प्रमाणपत्र सहितको कागजातहरु बिभागमा बुझाउनुपर्नेछ ।<br><br>३०.८ ग्राउण्ड हैण्डलिङ्ग सम्बन्धीकार्यमा संलग्न हुने सम्पुर्ण कामदारहरुको आवत/जावतका लागि आबश्यक व्यबस्था स्विकृत बोलपत्रदाता स्वयंले गर्नु पर्नेछ ।<br><br>३०.९ कामको लागि खटिने व्यक्तिको पारिश्रमिक तथा भत्ता सुबिधा, बिमा, भैपरी आउने अन्य बिदा श्रम ऐन २०७४ तथा नियमावली २०७५ र सामाजिक सुरक्षा योजना बमोजिम सम्पूर्ण व्यबस्था स्विकृत बोलपत्रदाता स्वयंले गर्नु पर्नेछ । तर बोलपत्रदाताले नेपाल सरकारद्धारा निर्दिष्ट गरेको ज्याला रकम भन्दा कम पारिश्रमिक तथा सुबिधा कामदारहरुलाई भुक्तानी गर्न पाईने छैन । स्वीकृत बोलपत्रदाताले कामदारको सुरक्षाका लागि Occupational Health Safety Administration मापदण्ड पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।<br><br>३०.१० नेपाल सरकारले कामदारहरुको लागि निर्दिष्ट गरेको न्यूनतम ज्यालादर तथा श्रम ऐन अनुसारको बिदाहरुको व्यबस्था र सोको सट्टामा काम गर्ने अन्य कामदारहरुको व्यबस्था स्विकृत बोलपत्रदाताले नै गर्नु पर्नेछ ।<br><br>३०.११ स्वीकृत बोलपत्रदाताले ग्राउण्ड हैण्डलिङ्ग सम्बन्धि कार्यमा खटिने कामदारहरुलाई श्रम ऐन बमोजिमको न्युनतम सेवा सुबिधा प्रदान गर्नु पर्नेछ ।<br><br>३०.१२ स्वीकृत बोलपत्रदाताबाट ग्राउण्ड हैण्डलिङ्ग सम्बन्धि कार्यमा खटाईएका कामदारहरुले निगमको निर्देशन लाई पूर्ण पालना गर्ने/गराउने दायित्व स्वीकृत बोलपत्रदाताको हुनेछ ।<br><br>३०.१३ स्वीकृत बोलपत्रदाताले आफुबाट प्रदान गरिने सुबिधाको सुरक्षण बापत कामदारहरुबाट १ महिनाको ज्याला बराबरको रकम जमानत राख्न सक्नेछ । तर उक्त जमानत कामदारले काम गरेको १ बर्ष समय अबधि |

पश्चात उक्त जमानत रकम स्वीकृत बोलपत्रदाताले निज कामदारलाई फिर्ता गर्नु पर्नेछ ।

३०.१४ स्वीकृत बोलपत्रदाताले ग्राउण्ड हैण्डलिङ्ग सम्बन्धि कार्यमा खटाएका कामदारहरु अनुपस्थित भएर काममा बाधा पुग्न गएमा सोको हर्जाना स्वरुप गयल भएको दिनको प्रति दिन १ जना कामदारले पाउने दैनिक ज्यालादरको रकममा २५ प्रतिशत रकम जोडी कट्टा गर्न सक्नेछ ।

३०.१५ स्वीकृत बोलपत्रदाताले उपलब्ध गराउने कामदारहरुले बेईमानी, बद्नियत वा जानाजानी हेलचेक्र्याई गरी निगमको मालसामान वा सम्पत्तिको हानी नोक्सानी हुने कार्य गरेको वा चोरी गरेको पाईएमा सो को सम्पूर्ण जवाफदेही निज स्विकृत बोलपत्रदाता हुनेछ र निगमको हानी नोक्सानी हुन गएको मालसामान वा सम्पत्तीको क्षतीपूर्ति निगमले स्विकृत बोलपत्रदातालाई भुक्तानी गर्नुपर्ने रकमबाट असुल उपर गर्नेछ । यस उपर कहीं कतै उजुर लाग्ने छैन ।

३०.१६ स्वीकृत बोलपत्रदाताले ग्राउण्ड हैण्डलिङ्ग कार्यमा खटाउने कामदारहरुलाई नियुक्ति पत्र दिई कार्य विवरणपत्र जारी गर्नुपर्नेछ र सो कार्य विवरणमा कामदारले कार्य गरेवापत स्वीकृत बोलपत्रदाताबाट पाउने पारिश्रमिक समेत खुलाउनुपर्नेछ ।

३०.१७ स्वीकृत बोलपत्रदाताले ग्राउण्ड हैण्डलिङ्ग सम्बन्धी कार्यमा खटाउने कामदारहरुलाई काममा लगाउनु भन्दा पहिले निगमले वा CAAN बाट मान्यता प्राप्त व्यक्ति/संस्थाहरु मार्फत एयरपोर्ट/हवाई सुरक्षा, ग्राउण्ड ह्याण्डलिङ्ग सम्बन्धी अनिबार्य तालीमहरु (Mandatorily & Functional) दिलाउने व्यबस्था गर्नुपर्नेछ । सोको व्यवस्थापन आपसी सहमतिमा गरिनेछ ।

३०.१८ स्वीकृत बोलपत्रदाता सामाजिक सुरक्षा कोषमा दर्ता भएको हुनुपर्ने साथै सामाजिक सुरक्षा योजनामा समावेश भएको हुनुपर्नेछ र सो कागजात अनिबार्य रुपमा पेश गर्नु पर्नेछ ।

३०.१९ स्वीकृत बोलपत्रदाताले काममा खटाउने कामदारहरुको हाजिरी Biometric System (विद्युतीय हाजिरी) अनुसार गर्ने व्यवस्था अनिवार्य रुपमा लागु गर्नुपर्नेछ र विद्युतीय

| | |
|---|---|
| | हाजिरीको आधारमा निगमले स्वीकृत बोलपत्रदातालाई ग्राउण्ड हैण्डलिङ्ग कामदार खटाए बापत ज्याला रकम प्रदान गर्नेछ ।<br><br>३०.२० स्वीकृत बोलपत्रदाताले काममा खटाउने कामदारहरुलाई तोकिएको यूनिफर्म, सूरक्षा मापदण्ड पुरा गरी काममा खटाउनु पर्नेछ ।<br><br>३०.२१ श्रमिकहरुलाई स्वीकृत बोलपत्रदाताले राती १२:३० बजे पश्चात् काम लगाउनु पर्ने भएमा Odd shift भत्ता उपलब्ध गराउनु पर्नेछ । |
| ३१. स्वीकृत बोलपत्रदाताले गर्नुपर्ने कामको विवरण | नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अन्र्तगत पर्ने यात्रु, ब्यागेज, कार्गो हृयाण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड हृयाण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि <u>प्रति सिफ्टका आधारमा</u>** सम्बन्धी तोकिएका सम्पुर्ण कार्य स्वीकृत बोलपत्रदाताले गर्नु पर्नेछ ।<br><br>**३१.१.<u>कार्गो अन्तर्राष्ट्रियको कार्यालय अन्तर्गतका कार्यहरु</u>**<br><br>• निगमले ग्राउण्ड हैण्डलिङ्ग सेवा प्रदान गर्ने सम्पूर्ण वायुसेवा कम्पनीहरुको कार्गो, Diplomatic Mail, P.O. Mail, Company Mail तथा अन्य कार्गोहरु सुरक्षा जांच तथा भन्सार प्रक्रिया पुरा गरे पश्चात निर्यातका लागि गोदाममा प्राप्त भएका कार्गोलाई निगमका सो कार्य संग सम्बन्धित कर्मचारीको निर्देशन बमोजिम Cargo Build Up (Bulk Load, Palate, Container)सम्बन्धी कार्यहरु गर्ने ।<br><br>• यसरी Build UP गरिएका कार्गोहरु उडान बुकिङ्गका आधारमा सम्बन्धित उडानमा निकासीका लागि निगमका कर्मचारीहरुको निर्देशन र निगरानीमा निर्धारित समयमा जहाजमा लोड गर्नका लागि जहाज सम्म पुऱ्याउने र लोड गर्ने समयमा लोडिङ्ग अफलोडिङ्ग कार्यमा संलग्न कामदारहरुलाई हस्तान्तरण गर्ने ।<br><br>• जहाजको भारबहनको कारणले कुनै कार्गो पठाउन नसकिएमा वा उडान रद्द भएमा वा अन्य कुनै पनि कारणले उक्त कार्गो लोड आंशिक वा पुरै फर्काउन |

| | |
|---|---|
| | पर्ने भएमा पुन:निगमको कर्मचारीको निर्देशानुसार व्यबस्थापनमा सहयोग गर्ने ।<br><br>• निगमले गर्ने गरेको Ground Handling कार्यको लागि प्रयोग गरिने कार्गो Pallet/Container/Dolley/Trolley इत्यादि यथास्थानमा लाने/लैजाने र राख्ने कार्यहरु गर्नुका साथै उक्त उपकरणहरुलाई तोकिएको स्थानमा मिलाएर राख्ने ।<br><br>• कार्गो गोदाममा कार्गो Build Up को समय देखि जहाजमा लोड गर्ने समयसम्म कुनै पनि कार्गोका सामानहरु टुटे फुटेका, च्यातिएका वा अन्य बिग्रीएको पाईएमा निगमको डियुटि अफिसरलाई तुरुन्त जानकारी गराउने ।<br><br>• अवतरण गरेको जहाजबाट कार्गो, DG Rated Items, Diplomatic Mail, P.O. Mail, Company Mail, अन्य कार्गोहरु लोडिङ्ग अफलोडिङ्गका कामदारहरुले अफलोड गरे पश्चात ती कार्गोहरुलाई कार्गो गोदाम सम्म सुरक्षित साथ पुऱ्याउने ।<br>स्पेशल कार्गो (Special Cargo - Valuable Cargo, Live Animal, Perishable, Human Remain, etc.) तथा सोही प्रकृतिका अन्य कार्गोहरुलाई सम्बन्धित कर्मचारीको निर्देशन अनुसार व्यवस्थापन कार्यमा सहयोग गर्ने ।<br><br>• विदेशबाट आयातित कार्गोहरुलाई कार्गो गोदाममा बुझाउने क्रममा निगमका कर्मचारीको निर्देशन अनुसार Break Up, Depalatized गरी पारवहनको गोदाममा बुझाईदिने ।<br><br>• आयातित कार्गोहरुको अफलोडिङ्गका क्रममा कार्गो मेनिफेस्ट अनुसार कार्गो रुजु गरी ठीक भए नभएको जानकारी ड्युटी अफिसरलाई गराउने ।<br><br>• आयातित कार्गोहरु दुरुस्त रुपमा आए नआएको चेक जांच गरी कुनै कैफियत भएमा सम्बन्धित ड्युटी अफिसरलाई जानकारी गराउने । |

| | |
|---|---|
| | • कार्गो Documentation सम्बन्धी कार्यहरुमा सहयोग गर्ने ।<br><br>• कार्गो ओसार पसारका क्रममा उक्त कार्गोको सुरक्षा तथा हिफाजत गर्ने ।<br><br>• कार्गो हैण्डलिङ्गका क्रममा प्रयोगमा आउने सामग्रीहरुको उचित संरक्षण गर्ने ।<br><br>• कार्गोका सम्बन्धित कर्मचारीहरुको निर्देशनमा रहेर कार्गो संग सम्बन्धित अन्य कार्यहरु गर्ने ।<br>• Cargo Warehouse मा ULD र Trolley लाई व्यवस्थित र सुरक्षित रुपमा प्रयोग, भण्डारण र संचालन गर्नुपर्नेछ ।<br><br>३१.२ <u>फ्लाईट सर्भिसेजको कार्यालय</u><br><br>• निगमको उडानहरुमा आवश्यक पर्ने क्याटरिङ्ग तथा Amenities का सामानहरु जहाजमा लोडअनलोड गर्ने ।<br>• क्याटरिङ्ग तथा Amenities का सामानहरु क्याटरिङ्ग स्टोरमा भण्डारण गर्ने ।<br><br>• निगमको उडानको आवश्यकता अनुसार क्याटरिङ्ग तथा Amenities का सामानहरु Meal Cart Trolley मा Set Up गर्ने ।<br><br>• निगमको त्रि.अ.वि. बाहिर रहेको क्याटरिङ्ग स्टोरबाट क्याटरिङ्गका सामानहरु गाडीमा लोड गर्ने र सो लोड त्रि.अ.वि. स्थित फ्लाइट सर्भिसेजको स्टोरमा आवश्यक सुरक्षा जांचपास गरी अफलोड तथा भण्डारण गर्ने ।<br><br>• फ्लाईट सर्भिसेजको कार्यालयसंग सम्बन्धित अन्य कार्यहरु कर्मचारीहरुको निर्देशन अनुसार गर्ने ।<br><br><u>३१.३. चिफ स्टेशन मेनेजर आन्तरिकको कार्यालय</u> |

| | |
|---|---|
| | • निगमको काठमाण्डौ स्टेशनमा आगमन तथा प्रस्थान गर्ने आन्तरिक उडानहरुको हैण्डलिङ्ग सम्बन्धी तोकिएका कार्यहरु गर्ने ।<br><br>३१.४ यात्रुसेवा विभागको निर्देशकको कार्यालय, उपनिर्देशक एयरपोर्ट सर्भिसेजको कार्यालय तथा उपनिर्देशक यात्रु व्यवस्थापन महाशाखा र चिफ स्टेशन मेनेजर अन्तराष्ट्रियको कार्यालयमा आवश्यकता अनुसारको कार्यालय सहयोगीको रुपमा काम गर्ने । |
| ३२. कालो सुचिमा राख्न सकिने | ३२.१ देहायको अबस्थामा बोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यताको आधारमा निगमले वा सार्वजानिक खरिद अनुगमन कार्यालयले एक देखि तीन वर्षसम्म कालो सूचिमा राख्न सक्नेछ :<br>(क) बोलपत्रदातालाई निर्देशनको दफा ३१ बमोजिमको आचरण विपरित काम गरेको प्रमाणित भएमा,<br>(ख) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको प्रमाणित भएमा,<br>(ग) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौज्दारी कसुरमा अदालतबाट दोषी ठहरिएमा,<br>(३) योग्यता ढांटी वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा ।<br>३२.२ कालोसूचीमा राखिएको बोलपत्रदाताले कालो सुचिमा रहेको अवधिसम्म गिमको कुनै पनि खरिद कारबाहीमा भाग लिन सक्ने छैन । |

## खण्ड ३
## बोलपत्र तथ्याङ्क सम्बन्धी विवरण (Bid Data Sheet)

| बोलपत्रदातालाई निर्देशको दफा | दफा नं. | विवरण |
|---|---|---|
| १. खरिद गरिने विषयको क्षेत्र | १.१ | यस बोलपत्र सम्बन्धी कागजातमा संलग्न भए अनुसार नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अर्न्तगत पर्ने यात्रु, ब्यागेज, कार्गो ह्याण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि प्रति सिफ्टका आधारमा** आवश्यक जनशक्तिहरु खटाई कार्य गर्न कार्य गर्न श्रमिक आपूर्ति बन्दोबस्त गराउनु परेकोले यो बोलपत्र आब्हान गरिएको हो । |
| २. वोलपत्रदाताको ग्राह्यता | २१.१ | बोलपत्रदाताले बोलपत्र पेश गर्न कानून बमोजिम योग्य भएको पुष्ट्याई गर्न देहायका कागजातहरुको प्रतिलिपि पेश गर्नु पर्नेछ:<br>(क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र,<br>(ख) व्यवसाय दर्ताको ईजाजतपत्र<br>(ग) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र,<br>(घ) आन्तरिक राजश्व विभागबाट आ.ब. २०७७/०७८को कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजात,<br>(ङ) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा,<br>(च) नेपाली नागरिकताको प्रमाण पत्र,<br>(छ) श्रमिक आपूर्तिकर्ता इजाजत पत्र<br>(ज) सामाजिक सुरक्षा कोषमा दर्ता प्रमाणपत्र<br>(ञ) अन्य कागजात (कुनै आवश्यक कागजात भए उल्लेख गर्ने) |
| ३. बोलपत्रदाताको योग्यता : | ४ | ३.१ श्रमिक आपूर्ति बन्दोबस्तको कारवाहीमा समावेश हुने बोलपत्रदाताले आपूर्ति सम्झौता प्राप्त गरेमा सफलता पूर्वक सम्झौता कार्यान्वयन गर्न सक्षमता रहेको प्रमाणित गर्न बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेखित प्रमाण कागजातहरु पेश गर्नु पर्नेछ ।<br>३.२ बोलपत्रदाताले कम्तिमा तीन बर्ष विमानस्थल वा विमानसेवा कम्पनी वा सोही प्रकृतिको कम्पनीमा |

| | | |
|---|---|---|
| | | श्रमिक आपूर्ति गरेको अनुभवको प्रमाण कागजात पेश गर्नु पर्नेछ ।<br>३.३ बोलपत्र दाखिला गर्दा फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण पत्रका प्रतिलिपि<br>३.४ बोलपत्रदाताको काठमाडौं उपत्यका भित्र व्यवस्थित कार्यालय रहेको हुनुपर्नेछ ।<br>३.५ बोलपत्रदाताले माग बमोजिम सेवा कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित सेवा कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र उक्त व्यवसाय सम्बन्ध कसुरमा आफुले सजाय नपाएको, प्रचलित नियम कानुन अनुसार कालो सुचिमा नपरेको र आर्थिक रुपमा टाट नपल्टेको लिखित स्वघोषण पेश गर्नुपर्नेछ ।<br>३.६ बोलपत्रदाताले पेश गरेको योग्यता सम्बन्धी विवरण तथ्यगत रुपमा झुठा वा सारभुत रुपमा अपुरो भएको पाइएमा सार्वजनिक निकायले कुनै पनि समयमा त्यस्तो बोलपत्रदातालाई अयोग्य ठहराउन सक्नेछ ।<br>३.७ कम्पनीको उद्देश्यमा विमानस्थल वा वायुसेवा कम्पनी वा सोही प्रकृतिको कम्पनीमा ग्राउण्ड ह्याण्डलिङ्ग वा लोडिङ्ग अफलोडिङ्ग कामदार आपूर्ति सम्बन्धी कार्य गर्ने भनी स्पस्ट लेखिएको हुनुपर्नेछ ।<br>३.८ श्रमिक आपूर्तिकर्ताको ईजाजत प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । श्रम इजाजत पत्रमा श्रम ऐन २०७४ को दफा ५९ को उपदफा ४ **श्रमिक आपूर्ति गर्ने** उद्देश्यमा उल्लेख भएको हुनु पर्नेछ र उक्त इजाजत पत्रमा विमानस्थल वा वायुसेवा कम्पनी वा सोही प्रकृतिको कम्पनीमा ग्राउण्ड ह्याण्डलिङ्ग वा लोडिङ्ग अफलोडिङ्ग कामदार आपूर्ति वा बोलपत्रको माग बमोजिम सम्बन्धी कामको विवरण खुलाएको हुनु पर्नेछ ।<br>३.९ सामाजिक सुरक्षा कोषमा दर्ता भई सामाजिक सुरक्षा योजनामा कम्तीमा १०० जना जनशक्ति सहभागी भएको हुनुपर्नेछ ।<br>३.१० विगत ३ वर्ष भित्र कुनै पनि विभाग, फर्म, संस्था वा कार्यालयमा १ वर्ष सम्म ८५ जना जनशक्तिहरु आपूर्ति गरी विमानस्थल वा विमान सेवा कम्पनी वा सोही प्रकृतिको कम्पनीमा ग्राउण्ड ह्याण्डलिङ्ग वा लोडिङ्ग अफलोडिङ्ग कामदार आपूर्ति कार्य गरेको प्रमाणित कागजात पेश गर्नु पर्नेछ ।<br>३.११ Organization & Management कार्यविधि भएको हुनुपर्ने । |

| | | |
|---|---|---|
| | | ३.१२ बोलपत्र दाखिला गर्ने फर्म, संस्था वा कम्पनीले विमानस्थल वा विमान कम्पनीमा वा सोही प्रकृतिको कम्पनीमा श्रमिक आपूर्ति गरेवापत विगत ३ वर्षभित्र ६ करोड रुपैयाँ बराबरको कारोबार गरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।<br>३.१३ बोलपत्र दाखिला गर्ने फर्म, संस्था वा कम्पनीले पछिल्लो ५ वर्ष भित्रमा कुनै एक आर्थिक वर्षमा ३ लाख बराबरको आयकर चुक्ता गरेको प्रमाणपत्र हुनु पर्नेछ ।<br>३.१४ बोलपत्र दाखिला गर्ने फर्म, संस्था वा कम्पनीको नगद प्रवाह क्षमता (Line of Credit ) कम्तिमा वार्षिक १ करोड बराबरको रहेको पेश गर्नु पर्नेछ ।<br>३.१५ एउटा बोलपत्रदाताले यस संग सम्बन्धीत एउटा मात्र बोलपत्र पेश गर्न पाउने । |
| ४. बोलपत्र सम्बन्धी कागजातमा कुनै द्विविधा भएमा स्पष्ट गर्न अनुरोध गर्न सकिने | ९.१ | बोलपत्र सम्बन्धी कागजातहरुको बिषयमा कुनै बुंदा नबुझेमा, द्विविधा भएमा वा जानकारी लिनु परेमा यात्रुसेवा बिभागको प्रशासन शाखामा, कार्यालय समयमा सम्पर्क गरि बुझ्न सकिनेछ ।<br>सम्पर्क व्यक्तिको नाम :तेज बहादुर थापा,<br>पद :बरिष्ठ अधिकृत, प्रशासन<br>ठेगाना :यात्रुसेवा बिभाग, प्रशासन शाखा, नेपाल वायुसेवा निगम, त्रि.अ.बि गौचर<br>सम्पर्क टेलिफोन नं :४११३२७९(का.), ९८४१३६८७८४(मो.) |
| ५.बोलपत्र पेश गर्नु पूर्वको बैठक | ९.२ | यस बिषयमा यात्रुसेवा बिभाग बाट बोलपत्र प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७९।०३।१३ गते) टेण्डर सम्बन्धि पूर्ब बैठक श्री निर्देशकज्यु, यात्रुसेवा बिभागको कार्यकक्ष, त्रि.अ.बि.मा दिनको १३:३० बजे आयोजना गरिनेछ । |
| ६. बोलपत्रको मान्य अवधि | ९.३ | बोलपत्र सम्बन्धी प्रस्तावको मान्य अवधी बोलपत्र खोलिने दिन देखी ९० दिनको हुनेछ । |
| ७. बोलपत्रको जमानत | ११ | ७.१ बोलपत्रमा कबोल गरेको रकम (मू.अ.कर बाहेक) को २.५ प्रतिशतले हुन आउने रकम निगमको नेपाल बैंक लिमिटेड, भुगोल पार्कको चल्ती खाता नं. |

| | | |
|---|---|---|
| | | ००२००१००५०९९३८००००००१ मा दाखिला गरेको सक्कल भौचर वा 'क' बर्गको बाणिज्य बैंकले जारी गरेको सो रकम बराबरको जमानतको सक्कल प्रति सिलबन्दी बोलपत्रको आर्थिक प्रस्ताब संगै अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । बोलपत्र जमानतको मान्य अवधि बोलपत्र खोलिने मितिदेखि गणना गर्दा १२० दिन हुनु पर्नेछ । |
| ८. बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान | १६.२ | ईच्छुक बोलपत्रदाताले बोलपत्र कागजात दाखिला गर्दा यस नेपाल वायुसेवा निगम यात्रुसेवा विभाग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरमा रु. ३०००.०० (तीन हजार मात्र) फिर्ता नहुने बुझाई वा नेपाल बैङ्क लिमिटेडको भुगोल पार्कको चल्ती नं. ००२००१००५०९९३८००००००१ मा दाखिला गरेको नगद जम्मा गरेको सक्कल बैंक भौचर सहित बोलपत्र पेश गर्ने अन्तिम मिति २०७९/०३/२२ सम्म e-GP System: मा नै बोलपत्र दाखिला गर्नु पर्नेछ । |
| ९. बोलपत्र खोल्ने मिति, समय, र स्थान | १८.१ | यात्रुसेवा बिभागको प्रशासन कार्यालय त्रि.अ.बि.मा दर्ता हुन आएका बोलपत्रहरु ३१ औं दिन सबै बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । तर बोलपत्र खोल्न बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएको खण्डमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।<br><br>**बोलपत्र खोलिने स्थान तथा समय**<br>श्री निर्देशकज्युको कार्यकक्ष,<br>यात्रुसेवा बिभाग, त्रि.अ.बि, गौचर<br>मिति: २०७९।०३।२३ गते<br>समय: १३:३० बजे |

## खण्ड ४
## नमुना फारमहरु
## बोलपत्र साथ पेश गरिएका कागजातहरु

| क.स. | विवरण | पेश गरेको वा नगरेको उल्लेख गर्ने |
|---|---|---|
| क | फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्रको प्रतलिपि | |
| ख | व्यवसाय दर्ताको इजाजत पत्रको प्रतिलिपि | |
| ग | मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्रको प्रतिलिपि | |
| घ | आन्तरिक राजश्व विभागबाट आ.ब. २०७७/०७८ को कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपि साथै विगत ५ वर्षभित्र कुनै १ वर्षमा ३ लाख कर तिरेको प्रमाणपत्र । | |
| ङ | विमानस्थल वा विमानसेवा कम्पनिमा विगत ३ वर्षभित्र रु.६ करोड बराबरको कारोवार गरेको कागजात | |
| च | फर्म, संस्था वा कम्पनीको रु.१ करोड बराबरको नगद प्रवाह क्षमता भएको कागजात | |
| छ | श्रमिक आपूर्तिकर्ता इजाजत पत्र | |
| ज | बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र | बोलपत्र पेश गरेको निबेदनमा घोषणा गरीसकेको भएमा आवश्यक नपर्ने । |
| झ | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | |
| ञ | बोलपत्रमा हस्ताक्षर गर्न अधिकारनामा पत्र | |
| ट | बोलपत्र जमानतको सक्कल प्रति | |
| ठ | सामाजिक सुरक्षा कोषमा दर्ता भएको प्रमाणपत्र र सामाजिक सुरक्षा योजनामा १०० जना जनशक्ति समावेश भएको कागजात | |
| ड | बोलपत्रदाताले कम्तिमा तीन वर्ष विमानसेवा कम्पनी वा विमानस्थलमा श्रमिक आपूर्ति गरेको अनुभवको प्रमाणपत्र | |
| ढ | विमानसेवा कम्पनी वा विमानस्थलमा कम्तिमा एक वर्ष सम्म ८५ जना जनशक्ति आपूर्ति गरेको कागजात | |
| ण | अन्य कुनै उल्लेख भए | |

बोलपत्रदाताको हस्ताक्षर

# बोलपत्रदाताको जानकारी सम्बन्धी विवरण

बोलपत्रदाताले बोलपत्रसाथ देहायको विवरण भरी पेश गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| १ | बोलपत्रदाताको नाम | |
| २ | बोलपत्रदाताको ठेगाना | |
| ३ | बोलपत्रदाताको टेलिफोन नं. | |
| ४ | बोलपत्रदाताको मोबाईल नं. | |
| ५ | बोलपत्रदाताको ईमेल | |
| ६ | बोलपत्रदाताको फर्म दर्ता भएको जिल्ला | |
| ७ | बोलपत्रदाताको फर्म दर्ता भएको वर्ष | |
| ८ | बोलपत्रदाताले बोलपत्रमा हस्ताक्षर गर्न अधिकार दिएको व्यक्तिको नाम :<br>ठेगाना :<br>टेलिफोन नं.<br>मोबाईल नं.<br>फ्याक्स् नं. | |

बोलपत्रदाताको हस्ताक्षर

## वार्षिक सरदर कारोबार सम्बन्धी विवरण

(खरिदकर्ताले बार्षिक सरदर माग गरेको भएमा बोलपत्रदाताले यो विवरण फारम भी पेश गर्नु पर्नेछ । )

| सि.नं. | आर्थिक बर्ष | कारोबार गरेको कार्यालयको नाम र ठेगाना | कारोबार (रु.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

उल्लेख गरिएको कारोबार सम्बन्धी आर्थिक विवरण यसै पत्र साथ संलग्न छ ।

बोलपत्रदाताको हस्ताक्षर

# सम्झौता फाराम

विक्रम सम्वत ........ साल ........... महिना ...... गतेका दिन .................. (जसलाई खरिदकर्ता भनेर सम्बोधन गरिने छ ) प्रथम पक्ष र ............आपूर्तिकर्ताको नाम तथा ठेगाना (जसलाई श्रमिक आपूर्तिकर्ता कमपनी भनेर सम्बोधन गरिने छ) दोस्रो पक्ष बीच ..........मा ............ का .......... जवान ......... को लागि २०... सालको महिना देखि २०..... सालको .... महिना सम्म श्रमिक आपूर्ति गर्न तथा सो कार्यमा कुनै त्रुटी देखिएमा त्यस्तो त्रुटी सच्याउन समेत मू.अ. कर सहितको रु ............................ ( अंकमा) ...................... (अक्षरमा) मा सम्पन्न गर्न यो खरिद सम्झौता गरिएको छ । यस पछि यो खरिद सम्झौतामा निम्न अनुसार हुनेछ :

१. यस खरिद सम्झौतामा शब्द र अभिव्यक्तिको अर्थ यसपछि संकेत गरिएको ठेक्काको शर्तहरुमा निर्धारित गरे अनुसार हुनेछ ।

२. निम्नानुसारका कागजातहरुलाई यस सम्झौताको अभिन्न अंगको रुपमा लिइनेछ :

(क) आपूर्तिकर्तालें पेश गरेको बोलपत्र तथा श्रमिकको संख्या सहितको मूल्य सुचि,

(ख) श्रमिक आपूर्ति तालिका,

(ग) प्राविधिक विवरण

(घ) सम्झौताका सामान्य तथा विशेष शर्तहरु,

(ङ) खरिदकर्तालें बोलपत्र स्विकृत गरेको जानकारी पत्र ।

३. प्रथम पक्षसाग गरेको सम्झौता बमोजिम दोस्रो पक्षले भुक्तानी पाउन खरिद सम्झौतामा भएको व्यबस्था बमोजिम श्रमिक आपूर्ति कार्य सम्पन्न गरी तथा कुनै त्रुटी भएमा सो कार्य समेत गरी प्रथम पक्षसंग भुक्तानी लिने कुरामा सहमत छु ।

४. दोस्रो पक्षसंग गरेको सम्झौता बमोजिम प्रथम पक्षले खरिद सम्झौतामा भएको व्यवस्था बमोजिम श्रमिक आपूर्ति कार्य सम्पन गरी तथा कुनै त्रुटी भएमा सो कार्य समेत गरे पछि दोस्रो पक्षलाई सम्झौता रकम तथा त्यस्तो सम्झौतामा व्यवस्था भएको अन्य कुनै रकम समेत सम्झौतामा उल्लेख भएको तरिका र समयमा प्रथम पक्षले दिने कुरामा सहमत छु ।

दोस्रो पक्षको तर्फबाट सहीछाप गर्ने
सहिछाप गर्नेको नाम :
फर्मसागको सम्बन्ध :
फर्मको नाम :
ठेगाना :
फोन नं. :
फ्याक्स नं. :
मोवाइल :
(कम्पनीको छाप)

________________

प्रथम पक्षको तर्फबाट सहीछाप गर्ने
सहिछाप गर्नेको नाम :
पद:
कार्यालयको नाम :
ठेगाना :
फोन नं. :
फ्याक्स नं. :
(कार्यालयको छाप)

________________

(साक्षीको सहीछाप)

# बोलपत्र स्वीकृत गर्ने आशयपत्र

मिति :–

श्री ……………………………

…………………………………

…………………(.न्यूनतम मल्याङ्कित सारभूतरुपमा प्रभावग्राहि बोलपत्रदाताको नाम र ठेगाना उल्लेख गर्ने )

नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अर्न्तगत पर्ने यात्रु, ब्यागेज, कार्गो हृयाण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड हृयाण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि प्रति सिफ्टका आधारमा** आधारमा कार्य गर्नको को लागि यस नेपाल वायुसेवा निगम, यात्रुसेवा विभाग बाट मिति ………. मा प्रकाशन भएको बोलपत्र आव्हानको सूचना नं …………. सम्बन्धमा तहा फर्मले मिति …………… मा पेश गरेको बोलपत्र अनुसार तहा फर्मको मूल्य अभिबृद्धि कर सहितको कबोल अंक रु. …………….. कायम भएको र बोलपत्र सम्बन्धी कागजातमा भएको व्यवस्था बमोजिम तहा फर्मको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना गरेका छौ ।

बोधार्थ :

श्री ……………………(सबै बोलपत्रदातको नाम उल्लेख गर्ने )

श्री…………………………

श्री ……………………………

(हस्ताक्षर)

पद :

यात्रुसेवा विभाग

# बोलपत्र स्वीकृति पत्र

मिति :–

श्री ..................................
.......................................
......................(.न्यूनतम मल्याङ्कित सारभूतरुपमा प्रभावग्राहि बोलपत्रदाताको नाम र ठेगाना उल्लेख गर्ने )

नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अर्न्तगत पर्ने यात्रु, ब्यागेज, कार्गो ह्याण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि प्रति सिफ्टका आधारमा** आधारमा कार्य गर्नको को लागि यस नेपाल वायुसेवा निगम, यात्रुसेवा विभाग बाट मिति .......... मा प्रकाशन भएको बोलपत्र आव्हानको सूचना नं ............. सम्बन्धमा तहा फर्मले मिति ............... मा दिएको बोलपत्र अनुसार मूल्य अभिबृद्धि कर सहितको कवोल रकम रु. ................. को बोलपत्र स्विकृत भएको जानकारी गराउदछौ ।

सम्झौता रकमको साढे दुई प्रतिशतले हुने रु..............................नेपाल राष्ट्र बैंकबाट “क” श्रेणीको ईजाजतपत्र प्राप्त बाणिज्य बैंकले जारी गरी कम्तिमा ............. सम्म मान्य अवधि भएको कार्य सम्पादन जमानत पन्ध्र दिन भित्रमा यस .........मा पेश गरी सम्झौता गर्न आउनु होला । )

उपरोक्त बमोजिम कार्य सम्पादन जमानत पेश गरी सम्झौता नगर्नु भएमा तपाईले बोलपत्र साथ पेश गरेको बोलपत्र जमानत जफत गरिनेछ ।

(हस्ताक्षर)
पद :
नेपाल वायुसेवा निगम

## खण्ड ५
## सम्झौताका सामान्य शर्तहरु

<u>१. परिभाषा</u> :

१.१ यस सम्झौतामा उल्लेख भएका निम्न शब्दहरुको अर्थ निम्न उल्लेख भए बमोजिम हुनेछन् :

(क) "खरिद सम्झौता" भन्नाले खरिदकर्ता र आपूर्तिकर्ताबीच भएको सम्झौता र सम्झौतामा उल्लिखित अन्य कागजपत्रहरुलाई सम्झनु पर्दछ ।

(ख) "सम्झौता रकम" भन्नाले सम्झौता अन्तरगतको सम्पूर्ण काम सम्पादन गरे वापत आपूर्तिकर्तालाई भुक्तानी दिइनु पर्ने मूल्य सम्झनुपर्दछ ।

(ग) "श्रमिक" भन्नाले नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अर्न्तगत पर्ने यात्रु, ब्यागेज, कार्गो ह्याण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि <u>प्रति सिफ्टका आधारमा</u>** खटाईने श्रमिक जनशक्ति सम्झनुपर्दछ ।

(घ) "खरिदकर्ता" भन्नाले खरिद सम्झौताको विशेष शर्तमा उल्लेख भएको नेपाल वायुसेवा निगम यात्रुसेवा विभाग सम्झनुपर्दछ ।

(ङ) "आपूर्तिकर्ता" भन्नाले यस सम्झौताको विशेष शर्तमा उल्लेख भएको श्रमिक आपूर्ति गर्ने व्यक्ति/फर्म/संस्था/ कम्पनी वा त्यस्तो व्यक्ति/फर्म/संस्था/कम्पनीको कानूनी रुपले भएको उत्तराधिकारीलाई सम्झनु पर्नेछ, तर खरिदकर्ताको मन्जुरी विना कुनै प्रतिनिधि मान्य हुने छैन ।

(च) "प्रतिसिफ्ट" भन्नाले विहान, दिउसो र रातीको समयमा ८/८ घण्टाको समयमा गर्नुपर्ने कामको समयलाई बुझिन्छ ।

१.२ कागजातहरुको प्राथमिकता (Priority of Ducuments)

खरिद सम्झौतामा संलग्न कागजातहरु एक अर्कामा स्पष्ट हुनेछन् । कुनै कागजातमा अस्पष्टता वा भिन्नता देखिन आएमा खरिदकर्ताले आपूर्तिकर्तालाई आवश्यक निर्देशन दिन सक्नेछ र कागजातहरुको प्राथमिकता खरिद सम्झौतामा उल्लेख गरिएको क्रम अनुसार हुनेछ ।

१.३ लागु हुने कानुन (Law)

यस खरिद सम्झौताको प्रकृयामा नेपालको कानून लागू हुनेछन् ।

१.४ पत्र व्यवहार वा संचार (Communications)

१.४.१ कुनै पनि पक्षले कुनै किसिमको सूचना वा निर्देशन लिने दिने वा अन्य संचार प्रकृया सम्बन्धमा अन्यथा व्यवस्था भएकोमा वाहेक नेपाली भाषामा लिखित रुपमा गर्नु पर्नेछ र त्यस्तो सूचना वा निर्देशन लिने दिने कार्यमा बिना कारण रोकिने वा ढिलाई गरिने छैन ।

१.४.२ कुनै सूचना पठांउदा त्यस्तो सूचना पाउने बोलपत्रदाता ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो सूचना बुझाउन नसकिएको अबस्थामा सो विषयको संक्षिप्त विवरण उल्लेख गरी राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा सार्वजनिक सूचना प्रकाशित भएकोमा त्यस्तो व्यक्ति वा पक्षले रीतपूर्वक सूचना पाएको मानिनेछ ।

१.५ कानुनी दायित्व (Statutory Obligation)

आपूर्तिकर्ताले कार्य सम्पादन गर्दा नेपालको प्रचलित कानून पालना गर्नु पर्नेछ । श्रमिक आपूर्ति गर्दा लाग्ने मूल्य अभिबृद्धि कर बाहेकका सवै शुल्क तथा दस्तुर (कर) बुझाउनु पर्नेछ ।

१.६ भाषा :

यो खरिद सम्झौता अन्तर्गत प्रयोग हुने भाषा नेपाली हुनेछ ।

१.७ सुचनाको आदान प्रदान

श्रमिक आपूर्ति सम्झौता कार्यान्वयनका क्रममा सूचना आदान प्रदान गर्ने प्रयोजनको लागि खरिदकर्ता र आपूर्तिकर्ताको ठेगाना खरिद सम्झौताको विशेष शर्तमा उल्लेख भए बमोजिम हुनेछ ।

२ कार्य सम्पादन जमानत

१.२.१ आपूर्तिकर्ताले खरिद सम्झौता गर्नु अघि खरिदकर्ताबाट खरिद सम्झौता प्रदान गर्ने जानकारी प्राप्त भएको मितिले पन्ध्र दिन भित्र खरिद सम्झौतामा कबोल गरेको रकमको कार्यसम्पादन जमानत (Performance Bond) बापत कबोल गरेको ५ प्रतिशत नगद जमानत रकम वा 'क' बर्गको बाणिज्य बैंकले जारी गरेको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । सो बैंक ग्यारेण्टीको मान्य अबधि सम्झौता अबधि भन्दा कम्तिमा १५० दिन बढिको लागि हुनु पर्नेछ ।

१.२.२ श्रमिक आपूर्ति गर्ने काम पूरा भएपछी कार्य सम्पादन जमानत फिर्ता गर्न आपूर्तिकर्ताबाट काम पूरा गरेको व्यहोरा सहितको दावी प्राप्त भए पश्चात कार्यसम्पादन जमानत वापतको रकम फुकुवा गरिनेछ ।

३. भुक्तानीको मुद्रा :

श्रमिक आपूर्तिको भुक्तानी नेपाली रुपैयामा गरिनेछ ।

४. विवादको समाधान :

४.१ सम्झौताको कुनै बुंदा थपघट गर्नुपरेमा/बुंदा बाझिएमा वा कुनै किसिमको बाधा अड्काउ परेमा दुबै पक्षको आपसी सहमतीको आधारमा समाधान गर्न सकिनेछ ।

४.२ आपसी समझदारीबाट पनि बिबादको समाधान नभएमा निगमको आर्थिक विनियमावली तथा मुलुकको प्रचलित नियम कानून बमोजिमको हुनेछ ।

## ५.सम्झौताको अबधि सुबिधाहरु तथा अन्य:

### ५.१ सम्झौताको अबधि

५.१.१ यो सम्झौता मिति २०७९ श्रावण १ गते देखि लागु भई ३ बर्षको लागि हुनेछ । कार्य मुल्याङ्कनका आधारमा सम्झौता समाप्त हुनु अगावै आपसी समझदारीद्वारा यो सम्झौतालाई दोश्रो पटक एक पटकको लागि नबीकरण गर्न सकिनेछ । तत्पश्चात यो सम्झौता स्वत: समाप्त भई खारेज हुनेछ र नयां टेण्डर प्रकृयामा जानु पर्नेछ ।

५.१.२ सम्झौता अबधिमा कार्य मुल्याङ्कनका सिलसिलामा निगमलाई स्विकृत बोलपत्रदाता पक्षको कुनै प्रकारको काम कारबाही सन्तोषजनक नलागेमा स्विकृत बोलपत्रदाता स्वयं उपस्थित भई सो सम्बन्धी आबश्यक परिमार्जनका लागि प्रकृयाहरु पहिल्याईकार्यमा सुधार ल्याउनु पर्नेछ ।

५.१.३ सम्झौता लागु भएको मिति देखि सम्झौतामा व्यबस्था भए अनुसार स्विकृत बोलपत्रदाताले काम शुरु नगरेमा निगमले सम्झौता तोड्न सक्नेछ । कामदारहरुको कार्य सन्तोषजनक नदेखिएमा निगमले १ महिनाको समय दिई र काबु बाहिरको परिस्थिति सिर्जना भएको अबस्थामा निगम र स्विकृत बोलपत्रदाताको समझदारीमा ४ महिनाको पूर्ब सूचना दिई सम्झौता भंग गर्न सकिने छ ।

५.१.४ निगमलाई थप जनशक्ति आबश्यक भएको खण्डमा यसै सम्झौताका शर्तहरुको अधिनमा रहि स्वीकृत बोलपत्रदाताले निगमलाई आबश्यक जनशक्ति उपलब्ध गराउनु पर्ने छ ।

### ५.२ सम्झौताका सुबिधाहरु:

५.२.१ नेपाल सरकारले बिभिन्न समयमा राष्ट्रिय श्रम ज्यालादरमा गरिने परिबर्तन रकमको सम्बन्धमा दुई पक्ष बसी आपसी छलफल तथा सहमती द्वारा समायोजन गर्न सकिनेछ ।ज्यालादरमा हुने परिवर्तनले अन्य स्थिर लागत जस्तै : तालिम, युनिफर्म, सुरक्षा सामग्री अन्य आदी परिवर्तन गरिने छैन ।

५.२.२ ग्राउण्ड ह्याण्डलिङ्ग वा लोडिङ्ग/अफलोडिङ्ग सम्बन्धी **प्रति सिफ्टका आधारमा** कार्य गर्न गराउनको लागि निगमले स्विकृत बोलपत्रदातालाई त्रि.अ.वि.मा युनिफर्म परिवर्तन कक्ष उपलब्ध गराउने छ । तर सो कक्षमा आबश्यक पर्ने सम्पुर्ण कार्यलय सामग्रीहरु स्विकृत बोलपत्रदाता आफैले व्यबस्था गर्नु पर्ने छ । एयरपोर्ट परिसरमा वा नजिक पर्ने स्थानमा सम्पर्क कार्यालय खोलि श्रमिक व्यवस्थापन गर्नु पर्नेछ ।

**६.कारण दिई सम्झौता तोड्न सकिने:**

६.१ निम्न लिखित कुनै एक अबस्थामा सेवा लिने निगमले स्विकृत बोलपत्रदाता संग ग्राउण्ड हैण्डलिङ्ग सम्बन्धी कार्यको लागि गरेको सम्झौता तोड्न सक्नेछ ।

६.१.१ निगमको पूर्ब स्विकृति बेगर, अरु कसैलाई स्विकृत बोलपत्रदाताले काम सुम्पेको पाईएमा ।

६.१.२ स्विकृत बोलपत्रदाताले सम्झौता तोडेमा ।

६.१.३ स्विकृत बोलपत्रदाताले सम्झौता अनुसार कार्य शुरु नगरेमा र त्यस सम्बन्धमा मनासिब कारण नभएमा ।

६.१.४ सम्झौता बमोजिम काम नभएमा र सम्झौता बमोजिम गर्नु पर्ने काम गर्न स्विकृत बोलपत्रदाताले इन्कार गरेमा ।

६.१.५ सम्झौतामा उल्लेखित कुनै बूंदा स्विकृत बोलपत्रदाताले पालना नगरेमा ।

६.१.६ स्विकृत बोलपत्रदाताले काम शुरु गरि बिचमा छोडेमा ।

६.२ बुंदा (६.१) मा उल्लेखित कुनै कारणबाट सम्झौता तोडिएमा सम्झौताको लागि स्विकृत बोलपत्रदाताले कार्यसम्पादनजमानत (Performance Bond) बापत जम्मा गरेको पाँच (५) प्रतिशत बराबरको धरौटि रकम जफत गरिनेछ वा सो कार्य सम्पादन जमानत रकम सम्बन्धित बैंकबाट असुल उपर गरिनेछ ।

**७. सेवा शुल्क र भुक्तानी प्रकृया :**

७.१ सम्झौता अनुसार स्विकृत बोलपत्रदाताले गरेका कार्यहरुका लागि प्रत्येक महिना समाप्त भए पछि स्वीकृत बोलपत्रदाताले बिल पेश गर्नु पर्नेछ । निगमले मासिक रुपमा स्वीकृत बोलपत्रदाताले पेश गरेका बिल जांच गरी यथासिघ्र सेवा शुल्क भुक्तानी गर्नेछ । यस्तो भुक्तानी चेकबाट गरिने र स्वीकृत बोलपत्रदाताको तर्फबाट व्यहोर्नु पर्ने अग्रिम आयकर तथा अन्य करहरु नियमानुसार कट्टा गरेर मात्र भुक्तानी दिइनेछ ।

७.२ स्विकृत बोलपत्रदाताले मु.अ.कर बाहेक कबोल गरेको ज्याला रकममा लाग्ने मु.अ.कर बाहेक नेपाल सरकारले निर्दिष्ट गरेको कुनैपनि कर, शुल्क वा अन्य भुक्तानी स्वीकृत बोलपत्रदाता वा निजका कर्मचरीहरुले नै स्वयं बेहोर्नु पर्नेछ । यस प्रकारका कुनैपनि कर, शुल्क वा अन्य भुक्तानी बापत सिर्जना हुने दायित्व नेपाल वायुसेवा निगमले बेहोर्ने छैन ।

७.३ अग्रिम वा आंशिक रुपमा सेवा शुल्क भुक्तानी दिईने छैन ।

७.४ कुनै महिनाको बीचबाट काम शुरु भएमा वा महिनाको बीचैमा सम्झौता अन्त्य भएमा काम गरको उक्त महिनाको कार्य दिनको आधारमा सेवा शुल्क भुक्तानी दिईनेछ ।

७.५ महामारी, प्राकृतिक तथा दैवी प्रकोपका कारणले १ महिना भन्दा वढी समय उडान ठप्प भएमा, कार्यालय आएर कार्य गर्ने अवस्था नभएमा कबोल रकमको २५ प्रतिशत श्रमिकको जीविका भत्ताको लागि प्रदान गरिनेछ । यस्तो अवस्थामा स्वीकृत बोलपत्रदाताले श्रमिकहरुलाई जीविका भत्ता वापत आधारभुत तलबको २५ प्रतिशत रकम उपलब्ध गराउनू पर्नेछ ।

## ८. कार्य समय तथा कर्मचारीहरु

- स्वीकृत बोलपत्रदाताले यस बोलपत्र प्रस्ताव अन्तर्गतका कार्यहरु गर्न जम्मा .... जनाको संख्यामा कामदारहरु उपलब्ध गराउनु पर्नेछ ।

- स्वीकृत बोलपत्रदाताले ग्राउण्ड हैण्डलिङ्ग सम्बन्धि कार्यको लागी कामदार खटाई कार्य गरे बापत निगमले स्वीकृत बोलपत्रदातालाई प्रति कामदार प्रति कार्यदिनको आधारमासम्झौता भए अनुसारको एकमुष्ठ रकम प्रदान गर्नेछ ।

- कामदारहरुको साधारणतया कार्य समय ८ घन्टाको हुनेछ । कामदारले ८ घन्टा काम गरे बापत सेवा प्रदायकले निगमले तोकिएको न्युनतम ज्याला दर तथा सुबिधा कामदार लाई दिनुपर्नेछ ।

  तर कामदारको ८ घन्टा कार्य समय तालिका निगमले निर्धारण गरे बमोजिम सिफ्टमा आलो पालो हुनेछ ।

- निगमले कामदारहरुलाई आबश्यकता अनुसार ८ घन्टाभन्दा बढी समयसम्म समेत काममा लगाउन सक्नेछ र सो बापत निगमले स्वीकृत बोलपत्रदातालाई थप ज्याला नियमानुसार प्रदान गर्नेछ ।

## ९. कामदारको लागि चाहिने न्युनतम योग्यता

- नागरिकता :नेपाली
- शैक्षिक योग्यता :नेपाली तथा अंग्रेजी लेखपढ गर्न जान्ने
- उमेर (सुरु प्रवेश) :१८ बर्ष पुरा भई ४० बर्ष ननाघेको
- तौल बोक्नसक्ने क्षमता :कम्तिमा २५ के.जी एक पटकमा
- प्रहरी प्रतिबेदन
- शारीरिक रुपमा अशक्त हुन नहुने । स्पष्ट रुपमा देख्न, सुन्न र अन्य कार्य गर्न सक्षम हुनुपर्नेछ र सो उल्लेख भएको निरोगीताको प्रमाणपत्र पेश गर्नु पर्ने ।

१०. युनिफर्म

१०.१ नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अन्तर्गत पर्ने यात्रु, ब्यागेज, कार्गो ह्याण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि प्रति सिफ्टका आधारमा** ग्राउण्ड हैण्डलिङ्ग सम्बन्धी कार्यमा संलग्न कामदारहरुका लागि निगमले मौसम अनुसार तोकेको नमुना बमोजिमको युनिफर्म स्वीकृत बोलपत्रदाताले नै उपलब्ध गराउनु पर्नेछ र स्वीकृत बोलपत्रदाताले सोको कडाईका साथ अनिबार्य रुपमा पालना गर्नु/गराउनु पर्नेछ । साथै तोकिएको पोशाक नलगाई उपस्थित भएका कुनै पनि कर्मचारीलाई काममा नलगाई उक्त दिनको अनुपस्थित जनाई पाउने पारिश्रमिकबाट बञ्चित गराउन सकिनेछ । युनिफर्म भन्नाले निगमले तोकेको रङ्गको कपडाको सर्ट-पाईन्ट, ज्याकेट, टोपी, जुत्ता,ब्याच आदी पर्दछन् । साथै कामदारहरुलाई कार्यालयमा उपस्थित हुंदा स्विकार योग्य हाउभाउ र अनुशसित रुपमा उपस्थित गराउने जिम्मेवारी स्वीकृत बोलपत्रदाताको हुनेछ ।

१०.२ नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अन्तर्गत पर्ने यात्रु, ब्यागेज, कार्गो ह्याण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि प्रति सिफ्टका आधारमा** ग्राउण्ड हैण्डलिङ्ग कार्यका लागि आबश्यक पर्ने सामग्री, उपकरणहरु जस्तै;Wheel Chairs, Meal cart Trolley, Pallet, Tractor, High Loader, Fork Lift आदि निगमले स्वीकृत बोलपत्रदातालाई उपलब्ध गराउने छ । तर ग्राउण्ड हैण्डलिङ्ग कार्य गर्दा कामदार स्वयं लाई आबश्यक पर्ने सामाग्रीहरु जस्तै; बर्षादी, क्याप, आदि र Personal Protective Equipment (PPE) का सामग्रिहरु जस्तै; सेफ्टी बुट, ज्याम्प ज्याकेट, पन्जा, Ear Plug, Face Mask, Sanitizer आदि स्वीकृत बोलपत्रदाताले नै उपलब्ध गराउनु पर्नेछ ।

११. एयरपोर्ट पास

ग्राउण्ड हैण्डलिङ्ग सम्बन्धी कार्यमा संलग्न कामदारहरुको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निषेधित क्षेत्र प्रबेश पास (Airport Entry Pass) को व्यबस्था स्वीकृत बोलपत्रदाता आफैंले गर्नुपर्नेछ । यस सम्बन्धमा पासको लागि आबश्यक पर्ने सिफारिस/अनुरोध पत्र निगमले स्वीकृत बोलपत्रदाताको तर्फबाट नेपाल नागरिक उड्डयन प्राधिकरण कार्यालय, त्रि.अ.बि.लाई अनुरोध लेखी पठाउने छ । कामदारहरुबाट Airport Entry Pass आफ्नो डियुटि बाहेकका अन्य समय/प्रयोजनको लागि प्रयोग गर्न पाईने छैन । कथंकदाचित त्रि.अ.बि.पास कामदारबाट दुरुपयोग गरेको पाईएमा निजको पास रद्द गरी निजलाई सेवाबाट हटाईने छ । त्यस्तो दुरुपयोगबाट निगमलाई वा कुनै पक्ष लाई कुनै पनि प्रकारको हानी नोक्सानी वा दायित्व सिर्जना भएमा सोको क्षतिपूर्ति स्वीकृत बोलपत्रदाताबाट भराईने छ ।

१२.अन्य

१२.१ यस सम्झौता अनुसार गरिने कार्य गर्न/गराउन स्वीकृत बोलपत्रदाताको तर्फबाट कम्तीमा दुईजना सुपरभाईजरको व्यबस्था स्वीकृत बोलपत्रदाता स्वयंले उपलब्ध गराउनु पर्नेछ । उक्त सुपरभाईजरहरुको नाम, थर, ठेगाना र मोबाईल नम्बर स्वीकृत बोलपत्रदाताले निगमलाई उपलब्ध गराउनु पर्नेछ । स्वीकृत बोलपत्रदाताले निगमको पुर्ण स्वीकृति बेगर कुनै पनि कामदारहरुलाई काममा लगाउन पाउने छैन । स्वीकृत बोलपत्रदाताले कार्यमा संलग्न हुने कामदारहरुको नाम, थर, उमेर, ठेगाना, नागरिकता प्रमाणपत्रको प्रतिलिपी र अनुभब भए सो सहितको व्यैयक्तिक बिबरण निगमलाई पेश गरेको हुनु पर्नेछ र स्वीकृत बोलपत्रदाताले यसरी पूर्ण बिबरण उपलब्ध गराईएको बाहेक जो कोहीलाई काममा लगाउन पाउने छैन ।

१२.२ स्वीकृत बोलपत्रदाताले सम्झौता अनुसार खटाउने कामदारहरु संग व्यक्तिगत करारनामा गर्नु पर्नेछ र निगमले माग गरेको वापत उपलब्ध गराउनु पर्नेछ ।

१२.३ ग्राउण्ड हैण्डलिङ्गसम्बन्धी कार्यको लागि निगमको कार्य स्थलमा खटिएका निगमका कर्मचारहिरुले आबश्यकतानुसार स्वीकृत बोलपत्रदाताले खटाएका कामदारहरुको खटन/पटन गर्न सक्नेछ र कामदारहरुले उक्त आदेशको पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

१२.४ स्वीकृत बोलपत्रदाताबाट नियुक्त गरिएको वा खटाईएका कामदारहरु निगमको कामको सिलशिलामा घाईते भएमा वा अंगभंग भएमा वा कुनै चोटपटक लागेमा वा कुनै पनि प्रकारको आर्थिक, मानविय वा अन्य क्षति भएमा निगम जवाफदेही हुने छैन र क्षतिपूर्ति बापत निगमबाट कुनै सुबिधा उपलब्ध गराईने छैन । तर तेश्रो पक्षको गल्तीबाट त्यस्तो भएमा बिमाको लागी भने सिफारिस गर्न सक्नेछ ।

निगमको कामको सिलशिलामा खटाईएका कामदारहरु घाईते भएमा वा अंगभंग भएमा वा कुनै चोटपटक लागि उपचार गर्नुपरेमा उपचारको लागि लाग्ने सम्पुर्ण खर्चको व्यबस्थापन स्वीकृत बोलपत्रदाताले बिमा मार्फत गर्नु पर्नेछ ।

१२.५ ग्राउण्ड हैण्डलिङ्ग सम्बन्धी कार्यमा संलग्न कर्मचारीहरुको गल्ती वा लापरबाहीले कुनै तेश्रो पक्षको हानी नोक्सानी भई क्षतिपूर्तिको दाबी भएमा यस्तो सम्पूर्ण दाबीको जिम्मेबारी स्वीकृत बोलपत्रदाताको हुनेछ ।

खण्ड ६
सम्झौताका विशेष शर्तहरु

# १.बिशेष शर्त :

| क्र.स. | दफा | बिशेष शर्त |
|---|---|---|
| १ | परिभाषा | खरिदकर्ता :<br>आपूर्तिकर्ता :<br>सम्झौता प्रारम्भ मिति: |
| २ | सुचनाको आदान प्रदान | **खरिदकर्ता**<br>नाम : नेपाल वायुसेवा निगम यात्रुसेवा विभाग त्रि.अ.बि<br>ठेगाना :गौचर काठमाडौं ।<br>इमेल :<br>फ्याक्स :<br>मोबाईल नं. :<br>सम्पर्क नं :<br><br>**आपूर्तिकर्ता**<br>नाम :<br>ठेगाना :<br>इमेल :<br>फ्याक्स :<br>मोबाईल नं. :<br>सम्पर्क नं : |
| ३ | कार्य गर्नुपर्ने क्षेत्र | |
| ४ | कार्य सम्पादन जमानत | कार्य सम्पादन जमानत रकम : मु.अ.क. सहितको रकम पाँच प्रतिशत रकम |
| ५ | अन्य शर्त | ५.१. ग्राउण्ड हैण्डलिङ्ग सम्बन्धि कार्यमा खटिएका कामदार तथा व्यक्तिहरु स्विकृत बोलपत्रदाताकै कामदार तथा कर्मचारी मानिनेछन् । स्वीकृत बोलपत्रदाताका तर्फबाट यसरी खटाईएका कामदार कुनै पनि हालतमा यस निगमको कामदार मानिने छैनन् ।<br><br>५.२. स्वीकृत बोलपत्रदाताको तर्फबाट ग्राउण्ड हैण्डलिङ्ग सम्बन्धि कार्यमा संलग्न जनशक्तिहरु मध्येबाट कसैले कुनै पनि किसिमको अबैध तथा |

| | | |
|---|---|---|
| | | गैर कानूनी कार्य गरेमा त्यसको जिम्मेवारी संलग्न व्यक्ति एवं स्वीकृत बोलपत्रदाताको हुनेछ र नियमानुसार कारबाहीका भागिदार उनीहरु स्वयं नै हुनेछन् ।<br>५.३. कुनै दैवी तथा प्राकृतिक प्रकोप सम्बन्धी घटनाले यस सम्झौता अन्तर्गतका कार्यहरु सम्पन्न गर्न बाधा परी सम्पन्न हुनै नसक्ने अवस्था आएमा सेवा दिने तथा लिने दुबै पक्ष जिम्मेबार हुने छैन ।<br>५.४ निगमले मागको बखत कुनै पनि श्रमिकको श्रम कार्यालयको विवरण, वैयक्तिक विवरण वा अन्य आवश्यक विवरण माग गर्न सक्ने छ । |

खण्ड ७
प्राविविधिक विवरण

## १. ईच्छुक बोलपत्रदाता फर्म/कम्पनी/संस्थाको सन्दर्भ सूची ।

ईच्छुक बोलपत्रदाता फर्म/कम्पनी/संस्थाले बोलपत्र प्रस्ताब पेश गर्दा अनिवार्यरुपमा निम्न कुराहरुको जानकारी उपयुक्त प्रतिक्रिया कोष्ठमा (✓) चिन्ह लगाई दिनु पर्नेछ र सो सम्बन्धमा थप जानकारी तथा प्रकाश पार्नु पर्ने भएमा अलग्गै कागजात प्रयोग गर्न सकिनेछ ।

| क.सं. | मूल्याङ्कनका आधारहरु | प्रतिक्रिया | अङ्कभार | कैफियत |
|---|---|---|---|---|
| १ | विमान कम्पनीमा वा विमानस्थलमा कामदार आपूर्ति गरेको संख्या | | | १५० भन्दा बढी |
| | | | | १०० देखि १५० सम्म |
| २ | विमान कम्पनीमा वा विमानस्थलमा कामदार आपूर्ति गरेको समय अवधी | | | ५ वर्ष भन्दा बढी |
| | | | | ३ भन्दा बढी ५ वर्ष सम्म |
| ३ | विमान कम्पनीमा वा विमानस्थलमा लोडिङ्ग अफलोडिङ्ग सम्बन्धी कार्य गरेको अनुभव | | | ५ वर्ष भन्दा बढी |
| | | | | ३ वर्ष देखि ५ वर्ष सम्म |
| ४ | विगत ३ वर्षको आर्थिक कारोवारको परिमाण | | | रु.८ करोड भन्दा बढी |
| | | | | रु.६ करोड देखि ८ करोड सम्म |
| ५ | नगद प्रवाह क्षमता (Line of Credit) | | | रु.२ करोड भन्दा बढी |
| | | | | रु.१ करोड देखि रु.२ करोड सम्म |
| ६ | पछिल्ला ५ वर्ष भित्रमा कर तिरेको परिमाण | | | रु.५ लाख भन्दा बढी |
| | | | | रु.३ लाख देखि रु.५ लाख सम्म |
| ७ | श्रमिक आपूर्तिकर्ता इजाजतापत्रको प्रामाणपत्र भएको र सामाजिक सुरक्षा कोषमा दर्ता भएको र सामाजिक सुरक्षा योजनामा समावेश श्रमिक संख्या | | | १५० भन्दा बढी |
| | | | | १०० देखि १५० सम्म |
| ८ | हाल कार्यरत कामदारहरु एयरपोर्ट अथवा ग्राउण्ड ह्याण्डलिङ्ग ,हवाई सुरक्षा सम्बन्धी आधारभुत तालीम प्राप्त गरेको भए | | | १५० भन्दा बढी |
| | | | | १०० देखि १५० सम्म |
| ९ | Organization & Management कार्यविधि भएको । | | | |
| | **प्राविधिक प्रस्तावमा सफल हुन आवश्यक पर्ने न्युनतम प्राप्ताङ्क : प्राविधिक प्रस्तावलाई छुट्याईएको कुल अङ्कभारको ७०%** | | | |
| | १. माथिको सन्दर्भ सूची अन्तर्गतका मुल्याङ्कनका आधारहरुका सम्बन्धमा प्रदान गरिएका जानकारीहरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्य रुपमा पेश गनुपर्नेछ । सो सम्बन्धी कुनैपनि बिवरण तथ्यगतरुपमा झूटा वा सारभूतरुपमा अपूरो भएको पाईएमा निगमले कुनै पनि समयमा त्यस्तो बोलपत्रदाता वा प्रस्तावदातालाई अयोग्य ठहराउन सक्नेछ। | | | |

| | |
|---|---|
| | २. बोलपत्र सम्बन्धी प्राबिधिक प्रस्ताबमा सन्दर्भ सूची अन्तर्गतका मुल्याङ्कनका आधारहरुका उल्लेखित कूल अंकभारको सत्तरी (७०) प्रतिशत वा सो भन्दा माथि प्राप्त गर्ने बोलपत्रदाता मात्रै सफल बोलपत्रदाता हूनेछन् ।<br><br>प्राविधिक प्रस्तावमा असफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव उपर कूनै कारवाही हूने छैन र सो सिलबन्दी आर्थिक प्रस्ताव सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिनेछ । प्राबिधिक प्रस्ताब र आर्थिक प्रस्ताबमा प्राप्ताङ्कको कुल योगमा सर्बाधिक अङ्क प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र सम्झौताका लागि स्विकृति गरिनेछ । |

खण्ड ८

श्रमिक आवश्यकता सम्बन्धी तालिका

प्रति सिफ्टको लागि :

| क.स. | युनिट | जनशक्तिको संख्या |
|---|---|---|
| १ | चिफ स्टेसन म्यानेजर (आन्तरिक) | १५ जना जनशक्ति बराबरको अधिकतम कार्यदिन |
| २ | कार्गो | ७३ जना जनशक्ति बराबरको अधिकतम कार्यदिन |
| ३ | फ्लाईट सर्भिसेज | २३ जना जनशक्ति बराबरको अधिकतम कार्यदिन |
| ४ | निर्देशक तथा चिफ स्टेसन म्यानेजर ( अन्तर्राष्ट्रिय) | ५ जना जनशक्ति बराबरको अधिकतम कार्यदिन |
| | जम्मा | ११५ जना जनशक्ति बराबरको अधिकतम कार्यदिन |

नोट : १. प्रति सिफ्टका आधारमा काम गर्ने जनशक्तिको भुक्तानी ११५ जना जनशक्ति लाई आधार मानि सो जनशक्तिले अधिकतम कार्य गर्ने दिन भन्दा नबढ्ने गरी भुक्तानी गरिनेछ ।

२. अधिकतम कार्यदिन भन्नाले कार्य गर्ने महिनामा हुने जम्मा दिन सम्झनुपर्नेछ ।

खण्ड ९

बोलपत्र दाखिला विवरण तथा परिमाण सहितको मूल्यसूचि

(क) बोलपत्र पेश गरेको निबेदन

(बोलपत्र फर्म संस्था वा कम्पनकिो छाप )

मिति: ........................

श्री नेपाल वायुसेवा निगम
यात्रुसेवा विभाग
गौचर काठमाडौं ।

महोदय,

हामीले बोलपत्र सम्बन्धी कागजातमा समाबेश भएका कागजातहरु अध्ययन गऱ्यौं । प्रस्तुत नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अर्न्तगत पर्ने यात्रु, ब्यागेज, कार्गो ह्ययाण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड ह्ययाण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि प्रति सिफ्टका आधारमा** कार्य गर्ने सम्बन्धी काम रु. ..........................(अंकमा)..............................(अक्षरमा) मा अथवा (श्रमिकको परिमाण सहितको मूल्यसूचि अनुसार खरिदकर्ताबाट ठहर भएको रकममा) गर्न हाम्रो मन्जुरी भएकोले यो बोलपत्र पेश गरेका छौ ।

यो वोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मिति देखि ९० दिन दिन रहने छ । यो वोलपत्र र निगमबाट दिईएको बोलपत्र स्वीकृतिको पत्रले हामी दुई सम्झौता गर्न बाध्य हुनेछौ ।

हाम्रो बोलपत्र स्वीकृत भएमा हामी आपूर्ति तालिका बमोजिम श्रमिक आपूर्ति गर्ने जिम्मा लिनुका साथै कार्यसम्पादन गर्ने सुनिश्चतता स्वरुप सम्झौता मूल्यको ५ प्रतिशत रकम बराबरको कार्यसम्पादन जमानत निगमले माग गरे अनुसारको ढाचामा उपलब्ध गराउने छौं ।

प्रस्तुत कामको लागि सवैभन्दा घटी कबोल गर्ने वा कुनै पनि बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न निगम बाध्य नभएको कुरा हामीले बुझेका छौं ।

हामी खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएका घोषणा गर्दछौ ।

यसैसाथ संलग्न भएको फेहरिस्त बमोजिमका कागजातहरु बोलपत्रसाथ पेश गरेका छौं ।

भवदिय
हस्ताक्षर:....................................
फर्म, संस्था वा कम्पनीको तर्फबाट

हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको नाम:
पद .......... ......................
बोलपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाम:
बोलपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको छाप:

(ख) श्रमिकको परिमाण सहितको मूल्य सुची :
नेपाल वायुसेवा निगम

मिति:

श्री यात्रुसेवा बिभाग,
त्रि.अ.बि, गौचर, काठमाण्डौ ।

**विषय: प्रति सिफ्टका आधारमा कार्य गर्दा/गराउंदा लाग्ने कबोल ज्याला रकम**

उपरोक्त बिषयमा नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अर्न्तगत पर्ने यात्रु, ब्यागेज, कार्गो ह्याण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि प्रति सिफ्टका आधारमा** आबश्यक पर्ने जनशक्ति खटाई कार्य गर्न/गराउनको लागि बोलपत्र ( आर्थिक) प्रस्तावको आव्हान गरिए अनुसार म/हामीबाट देहाय बमोजिम ज्याला रकम ( भ्याट/मु.अ.कर बाहेक) कबोल गरेको छु/छौं ।

१.१

| क्र.स | विवरण (क) | प्रति व्यक्ति /प्रति कार्य दिनको ज्याला (ख) | बर्ष (ग) | **प्रति व्यक्ति वार्षिक कबोल रकम (घ)= ( कXखXग)** |
|---|---|---|---|---|
| ०१ | प्रक्ति व्यक्ति | रु................. | ३६५ दिन | जम्मा रु. ........ |

१.२

| माग गरिएको व्यक्तिको संख्या | माग गरिएको संख्या अनुसार वार्षिक कबोल गरिएको एकमुष्ठ रकम (च)= ( घ X ) |
|---|---|
| ११५ | रु......................................... |
| जम्मा रकम अक्षेरुपीमा रु. | |

फर्म/कम्पनी/संस्थाको नाम :

सञ्चालकको नाम, थर :

सञ्चालकको दस्तखत :

कम्पनीको
आधिकारिक
छाप

खण्ड १०

जमानत फारमहरु

(क) बोलपत्र जमानत

मिति :

श्री नेपाल वायुसेव निगम
यात्रुसेवा विभाग
गौचर, काठमाडौं ।

…………………… (बोलपत्रदाताको नाम र ठेगाना )( बोलपत्रदाताको नाम ले जसलाई यसपछि "बोलपत्रदाता" भनिनेछ) मिति …………………… मा नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अन्तर्गत पर्ने यात्रु, ब्यागेज, कार्गो ह्याण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि प्रति सिफ्टका आधारमा** कार्य गर्नको निमित्त बोलपत्र पेश गरेको छु ।

हामी ………………(वैंकको नाम, ठेगाना) (जसलाई यसपछि "बैंक" भनिनेछ ) जमानीको रुपमा पूर्ण उत्तरदायित्व वहन गर्ने गरी नेपाल वायुसेवा निगम यात्रुसेवा विभाग गौचर बाट दावी पत्र प्राप्त हुनासाथ नेपाल वायुसेवा निगम यात्रुसेवा विभाग गौचरलाई रु ……………. अंकमा ………………………………………(अक्षरेपी ) उपलब्ध गराउने गरी जमानी वस्न मन्जुर गर्दछौं ।

यो लिखित जमानीपत्रका निम्न शर्तहरु हुनेछन् :

(१) बोलपत्र खोलिसकेपछि वोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको वोलपत्रको मान्य अवधि अगावै वोलपत्रदाताले आफ्नो बोलपत्र फिर्ता लिएमा, वा

(२) वोलपत्रको मान्य अवधि अगावै खरिदकर्ताले वोलपत्रदातालाई वोलपत्र स्वीकार गरेको सूचना दिएकोमा

(क) वोलपत्रदातालाई निर्देशनमा उल्लेख भए बमोजिम खरिद सम्झौता गर्न नसकेमा वा अस्वीकार गरेमा वा,

(ख) वोलपत्रदातालाई निर्देशनमा उल्लेख भए बमोजिम कार्य सम्पादन जमानत दाखिला गर्न नसकेमा वा अस्वीकार गरेमा वा,

(ग) बोलपत्रमा भएको अंक गणितीय त्रुटीको सुधारलाई अस्वीकार गरेमा,

हामी खरिदकर्ताबाट पहिलो लिखित दावी प्राप्त हुना साथ खरिदकर्तालाई माथि उल्लेखित रकमको भुक्तानी गर्नेछौं । तर खरिदकर्ताले यो रकम दावी गर्नको लागि माथि उल्लेखित शर्तहरु मध्ये पूरा नगरेको शर्त खुलाउनु पर्नेछ । यो जमानतपत्रको अवधि बोलपत्र दालिखा हुने अन्तिम मिति देखि मिति सम्म कायम रहनेछ । यस जमानत वापत जमानतको मान्य अवधि अगावै वैंकमा आईपुग्नु पर्नेछ ।

अधिकार प्राप्त बैंक कर्मचारीको
सही :
वैंकको छाप :
वैंकको नाम :
ठेगाना :
मिति :

ख कार्य सम्पादन बैङक जमानत

श्री नेपाल वायुसेव निगम
यात्रुसेवा विभाग
गौचर, काठमाडौं

................................(आपूर्तिकर्ताको नाम ठेगाना) ले खरिद सम्झौता नं...... अनुरुप नेपाल वायुसेवा निगम यात्रुसेवा विभागद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा **NAC-GSP अर्न्तगत पर्ने यात्रु, ब्यागेज, कार्गो ह्याण्डलिङ्ग तथा सो सेवा संग सम्बन्धित लोडिङ्ग/अफलोडिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य सेवाहरु लिने प्रयोजनका लागि** **प्रति सिफ्टका आधारमा** कार्य सम्पन्न गर्ने जिम्मेवारी पाएको र आपूर्तिकर्ताले खरिद सम्झौता बमोजिम आफ्नो दायित्व निर्वाह गर्न कार्य सम्पादन वैंक जमानत दालिखा गर्ने कर्तव्य भएको हुनाले हामी .....................(वैंकको नाम, ठेगाना ) (जसलाई यसपछि "बैंक" भनिनेछ) जमानीको रुपमा पूर्ण उत्तरदायीत्व वहन गर्ने गरी नेपाल वायुसेवा निगम यात्रुसेवा विभाग गौचर बाट प्रथम लिखित दावी पत्र प्राप्त हुनासाथ कुनै विवाद ननिकाली नेपाल वायुसेवा निगम यात्रुसेवा विभाग गौचरलाई रु ................ (अंकमा) ............................. (अक्षरमा) उपलब्ध गराउने गरी जमानी वस्न मन्जुर गर्दछौं ।

हामीसंग दावी गर्नु अगावै आपूर्तिकर्ताको उक्त ऋण असुली गर्न पूरा गर्नुपर्ने आवश्यकतालाई हटाउादछौं ।

हामी नेपाल वायुसेवा निगम यात्रुसेवा विभाग गौचर र आपूर्तिकर्ताविच भएको खरिद सम्झौतामा भएका संशोधन वारे हामीलाई सूचित गर्नु पर्ने दायित्वबाट समेत छुटकारा दिन्छौं ।

यो कार्य सम्पादन बैंक जमानतको म्याद मिति ................ सम्मको लागि कायम रहनेछ ।

अधिकार प्राप्त बैंक कर्मचारीको
सही :
वैंकको छाप :
वैंकको नाम :
ठेगाना :
मिति :